जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २६ •अंक २२९ • २०८१ साल माघ १ गते मंगलबार (14 January, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आजदेखि राष्ट्रिय परिचयपत्र अनिवार्य

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्र बैंकले राष्ट्रिय परिचय पत्रलाई अनिवार्य गरेसंगै सेवाग्राहीले फेरि पनि सास्ती खेप्नु पर्ने भएको छ ।

बैंकले एक सूचना जारी गर्दै बैंक तथा वित्तीय संस्थामा खाता खोल्नका लागि पनि राष्ट्रिय परिचय पत्रलाई अनिवार्य गरेपछि सवोच्च अदालतमा विचाराधीन रहेको अवस्था बैंकले चालेको कदमले सेवाग्राहीहरु मर्कामा परेको एक स्थानीय सेवाग्राहीको गुनासो छ ।

राष्ट्रिय परिचय पत्र लिनका लागि भने मोवाइल नम्बर पनि अनिवार्य गरिएको छ । जुन मोवाइल नम्बर आफ्नो नाममा हुनुपर्ने प्रावधान गरिएको छ ।

राष्ट्र बैंकले एकीकृत निर्देशन २०८० का सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी व्यवस्थामा संशोधन गर्दै वाणिज्य बैंक, विकास बैंक, फाइनान्स कम्पनी, लघुवित्त र पूर्वाधार विकास बैंकलाई निर्देशन जारी गर्दै राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ । बैंक तथा वित्तीय संस्थाले ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणका पहुँचका आधारमा ग्राहकको पहिचान तथा सम्पुर्षट गर्न सक्ने भएको जनाएको छ ।

बैंक तथा वित्तीय संस्थाले मंगलबारदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकीन गरी अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाएको छ ।

सरकारले सामाजिक सुरक्षा लगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्ने हुन्छ । सो खाताबाट रकम झिक्नु अघि यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्ने हुन्छ ।

बैंक तथा वित्तीय संस्थाले गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा संगठनको सूची वा व्यक्तिको सम्बद्धता, समूह वा संगठनसँग आफ्नो कारोबार भए नभएको नियमित रुपमा यकीन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ । सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता, लकर वा अन्य कुनै रकम संस्थासँग रहेको भएमा तत्काल रोक्का राखी केन्द्रीय बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरीवेक्षण महाशाखालाई ३ दिनभित्र जानकारी गराउनुपर्नेछ ।

## वृहत्तर जनकपुरका पूर्वनिर्देशक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम- वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वनिर्देशक बलराम ठाकुरलाई ठगी मुद्दामा प्रहरीले पक्राउ गरेको छ ।

सरकारी छाप तथा दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ हिनामिना गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा धनुषामा जाहेरी दिएको आधारमा आरोपित पूर्वनिर्देशक ठाकुरलाई सोमबार ललितपुरको भैंसेपाटीबाट पक्राउ गरिएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार ठगी तथा दुरुपयोग आरोपमा अनुसन्धानका लागि ललितपुर परिसरको सहयोगमा ठाकुरलाई भैंसेपाटीबाट पक्राउ गरिएको पुष्टि गरेका छन् । उनलाई जनकपुरधाम ल्याएर अनुसन्धान अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ ।

आरोपित पूर्वनिर्देशक ठाकुरसँगै वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अन्य तीनजना कर्मचारी पनि सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ ठगी गरेका थिए ।

ठगी प्रकरणमा संलग्न रहेका ठाकुरसहित वृहत्तर जनकपुर लेखापाल सावित्री गिरी, प्रशासान प्रमुख जितेन्द्रकुमार यादव र जिन्सी शाखा प्रमुख मदनकुमार चौधरी थिए । उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा गत मंसिरमै जाहेरी परेको थियो ।



वृहत्तर जनकपुरमा हिनामिना, पूर्वनिर्देशक र कर्मचारीविरुद्ध पक्राउ पुर्जी जाहोरी दर्ता भएपछि धनुषा जिल्ला अदालतले उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान अघि बढाउन आदेश दिएको थियो । अदालतको सो आदेशपछि पूर्वनिर्देशक ठाकुर फरार रहँदै आएका थिए । जाहेरी दर्ता भइसकेपछि जिल्ला अदालतले पक्राउ गर्न आदेशसमेत दिइसकेको छ अवस्थामा ठाकुरसहितलाई पक्राउ गर्न खोजी भइरहेको प्रहरीले जनाउँदै आएको थियो ।

महोत्तरी जिल्ला एकडारा गाउँपालिका बस्ने मुकेश यादवको नाममा विभिन्न मितिको हुँदै नभएको गाडी भाडावापत २०७६ असार ३१ गते किर्ते सम्झौता पत्र र कार्यदेश तयार गरी ३० लाख रुपैयाँ वृहत्तर जनकपुरको खाताबाट निकालेको थियो ।

रकम निकालिएको जानकारी यादवले पछि थाहा पाएका थिए । आफ्नो नाममा किर्ते गरी रकम निकालेको थाहा पाएपछि यादव प्रहरीमा गएर जाहेरी दिएका थिए ।

आफ्नो दस्तखतसमेत किर्ते गरी भएको भ्रष्टाचार प्रकरणमा यादवले प्रमाणसहित प्रहरीमा जाहेरी दिएका थिए ।

यादवले दिएको जाहेरीपछि उनले आफ्नो नामको निवेदनसमेत वृहत्तर जनकपुरका कर्मचारीले बनाएको बताएका छन् । यादवले आफूले रकम बुझेको गोश्वारा भौचर, आफ्नो नाममा बनाएको चेक नं. ३६४२४९४१, पेश्की फछ्र्यौटको लागि दिएको निवेदन पत्रसमेतमा कर्मचारीहरूले दस्तखत किर्ते गरी हिनामिना गरेको थियो ।

त्यतिबेला आफ्नो नाममा हुँदै नभएको महिन्द्रा कम्पनीको डिजेलबाट चल्ने स्कार्पियो चार चक्के गाडी सिलिन्डर ४ : २१७९ हर्ष पावर सी.सी.एम.ए आइ.टी.ए.जे एक्स ९२ एच २४१२३ इन्जिन नं. क्युएम्यु१४एच२४१२३ सिट क्षमता-८ प्रयोग गरेको कागजपत्र वृहत्तर जनकपुरका पदाधिकारी र कर्मचारीले बनाएर रकम हिनामिना गरेको ब्यहोरा यादवले दिएको जाहेरीमा लेखिएको छ ।

निजी प्रयोगमा रहेको बा. १६ च. ६४७ नं. प्राइभेट जिप आफ्नो नाममा नरहेको अवस्थामा पनि सरकारी छाप, दस्तखत, किर्ते गरी सहमति भएको देखाई विभिन्न कागजात तयार गरेर २०७६ असोज ७ गतेको गोश्वारा भौचार नं. २६ बाट मर्मतको लागि पेश्की १० लाख रुपैयाँ प्राप्त गरेको देखाएर हिनामिना गरिएको विवरण यादवको जाहेरीमा छ ।


१० लाख रुपैयाँ प्राप्त गरेको देखाएपछि फेरि अर्को दस्तखतसमेत किर्ते गरी बाँकी रकमको एउटा निवेदनको मिति केरमेट गरी २०७७ असार ३० गतेको को दर्ता नं. समेत प्रष्ट नबुझिएको निवेदनसमेतमा बाँकी रकम दिने भनि तत्कालीन कार्यकारी निर्देशकले आर्थिक प्रशासन शाखाको नाममा तोक आदेश गरिएको व्यहोरा जाहेरीमा छ ।

तत्कालीन कार्यकारी निर्देशक ठाकुरले आफ्नो दस्तखतसमेत गरी निवेदनको पुछारमा निवेदक मुकेश यादव जनकपुर लेखेर निवेदन पत्रमा उल्लेखित मितिसमेत केरमेट गरी त्यसको मुनि एकडारा-८ उल्लेख गरी आफ्नो किर्ते दस्तखत गराई सरकारी रकम निकासा गरी गरेको भेटिएको यादवले जाहेरीमा लेखेका छन् ।

हिनामिनाका क्रममा यादवको नामबाट किर्ते दस्तखत गरी गराई पूर्वनिदेशक ठाकुरले एक वर्षको भाडा दैनिक ५ हजार रुपैयाँका दरले लिएको, डिजेल, मोबिल, चालकको खर्चसमेत बुझ्ने गरेको जिकिर यादवले जाहेरीमा गरेका छन् ।

यता वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा केही वर्षयता कार्यकारी निर्देशक र कर्मचारीहरूबीचको मनमुनाटवले कार्यालयको दैनिक काम प्रभावित छ ।



# वैदेशिक रोजगारीमा जाने संख्या बढ्दो



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालबाट वैदेशिक रोजगारीमा जाने युवायुवतीको संख्या निरन्तर बढिरहेको देखिएको छ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले वैदेशिक रोजगार सम्बन्धी आयोजना गरेको पत्रकारहरुसँगको अन्तरक्रियामा वैदेशिक रोजगारीमा जानेको संख्यामा बढोतरी भएको तथ्यांक सार्वजनिक गरिएको हो।

चालू आर्थिक वर्षको ५ महिना (साउन देखि मंसिर)सम्ममा धनुषाबाट मात्रै १७ हजार ३७३ जना वैदेशिक रोजगारीमा विभिन्न खाडी मुलुक पुगेका छन्। जसमध्ये १६६ जना महिला रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले जनाएको छ।

आर्थिक वर्ष २०७८/७९ मा नेपालबाट ६ लाख ३० हजार ९० जना वैदेशिक रोजगारीमा गएकोमा धनुषाबाट सबभन्दा बढि २२ हजार १७५ पुरुष र १९ हजार ११८ महिला गरी कूल ४१ हजार २९३ जना रहेका थिए।

सामी कार्यक्रम धनुषाका जिल्ला कार्यक्रम संयोजक सौरभ कर्णले उपलब्ध गराएको तथ्यांक अनुसार चालू आर्थिक वर्ष ०८१/८२ को साउन महिनामा ३ हजार ११६ पुरुष र २७ महिलासहित कूल ३ हजार १४३ जना, भदौमा ३ हजार ३२९ पुष र ३१ महिलासहित कूल ३ हजार ३६० जना, असोजमा २ हजार ९१३ पुरुष र ३१ महिलासहित कूल २ हजार ९४४ जना, कार्तिकमा ३ हजार ५१३ पुरुष र ४० महिलासहित कूल ३ हजार ५५३ जना र मंसिरमा ४ हजार ३३६ पुरुष र ३७ महिलासहित कूल ४ हजार ३७३ जना युवायुवतीले विदेशमा आफ्नो पसिना बगाइरहेका छन्।

> नेपालमा आर्थिक वर्ष २०७६/७७ मा ८ खर्ब ७५ अर्ब ३ करोड, आर्थिक वर्ष २०७७/७८ मा ९ खर्ब ६१ अर्ब ५ करोड, आर्थिक वर्ष २०७८/७९ मा १० खर्ब ७ अर्ब ३१ करोड, आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब २० अर्ब ५६ करोड र आर्थिक वर्ष २०८०/८१ मा १४ खर्ब ४५ अर्ब ३२ करोड रुपैयाँ रेमिट्यान्सबापत नेपाल भित्रिएको तथ्यांक छ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न थालेसँगै रेमिट्यान्स आप्रवाह पनि बढिरहेको देखिन्छ। नेपालमा आर्थिक वर्ष २०७६/७७ मा ८ खर्ब ७५ अर्ब ३ करोड, आर्थिक वर्ष २०७७/७८ मा ९ खर्ब ६१ अर्ब ५ करोड, आर्थिक वर्ष २०७८/७९ मा १० खर्ब ७ अर्ब ३१ करोड, आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब २० अर्ब ५६ करोड र आर्थिक वर्ष २०८०/८१ मा १४ खर्ब ४५ अर्ब ३२ करोड रुपैयाँ रेमिट्यान्सबापत नेपाल भित्रिएको तथ्यांक छ।

नेपालमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले मनोसामाजिक परामर्श, सुचना तथा परामर्श, सीपमुलक तालिम, न्यायमा पहुँच, वित्तीय साक्षरता, आप्रवासी नेटवर्कको क्षमता विकासलगायतका कार्यहरु गर्दै आइरहेको छ।

# कृत्रिम खुट्टाको सहारामा अटोरिक्सा चलाएर मासिक रु ६० हजारसम्म आम्दानी गर्दै राजेन्द्र

बरहथवा। विद्युतीय धरापमा परेर खुट्टा गुमाएका सर्लाहीको हरिवन नगरपालिका-५ किडरिङ टोलका २२ वर्षीय राजेन्द्र महतोले विद्युतीय तीन पाङ्ग्रे सवारी साधन (अटोरिक्सा ) चलाएर जीवनमा पुन खुसी फर्काउनुभयो। विसं २०७७ वैशाख १८ गते दुर्घटनामा परेर बायाँ खुट्टा गुमाएपछि उहाँलाई अब बाँकी जीवन सकियो भन्ने चिन्ता लागेको थियो। तर, त्यही दुर्घटनापछि जीवनमा एकपछि अर्को गर्दै खुसी आएको उहाँले सुनाउनुभयो।

चार वर्ष पहिला विद्युतीय दुर्घटनामा पर्नुभएका राजेन्द्रको बायाँ खुट्टा घुँडामाथिसम्म काटिएको छ। केही समयसम्म वैशाखीको सहारा लिनुभएका उहाँ अहिले कृत्रिम खुट्टाको सहारामा आफ्नो दैनिकी चलाइ रहनुभएको छ। कृत्रिम खुट्टाको सहाराले उहाँलाई सामान्य काम गर्न र हिँड्डुल गर्न सहज मात्र भएको छैन्। विगत दुई वर्षदेखि अटोरिक्सा चलाएर मनग्य कमाइ गरिरहनुभएको छ।

"दुर्घटनामा खुट्टा गुमाएपछि आफ्नै जीवन अभिसाप हुने भयो भन्ने लागेको थियो", उहाँले भन्नुभयो, "परिवारको सहारा र वडाले दिएको अटोरिक्सो फेरि परिवारको मेरुदण्ड बनेको छु। अटोरिक्सा चलाउन सुरु गरेको आउने फागुनमा दुई वर्ष पुग्दै छ। यसको कमाइबाटै ठूलो प्रगति गरेको उहाँले जानकारी दिनुभयो।" अटोरिक्सा चलाएर कमाएको रु १६ लाखले एउटा पक्की घर बनाएको उहाँले बताउनुभयो।

एउटा अटोरिक्साले मात्र नभ्याउने भएपछि पालैपालो चार्ज गरेर चलाउन भनेर तीन महिना पहिला मात्र उहाँले अर्को मयुरी गन्नुभएको छ। अटोरिक्साकै कमाइबाट रु चार लाख ५० हजार खर्च गरेर नयाँ मयुरी थपेको उहाँले जानकारी दिनुभयो। कृत्रिम खुट्टा हाल्न बेचेको खेतकै सिमानामा एक कठ्ठा घडेरी जोडिसकेको राजेन्द्रको भनाइ छ। बिहानैदेखि साँझसम्म आवश्यक पर्दा रात दिन नभनी अटोरिक्सा चलाउने उहाँले दैनिक रु सात ७ हजारसम्म कमाएको बताउनुभयो।

थोरै कमाइ हुँदा दैनिक दुई हजार पाँच सयसम्म आम्दानी गरेको उहाँ बताउनुहुन्छ। खर्च कटाएर कम्तीमा महिनाको ६० हजारको दरले घरकै खाएर परिवारसँगै बसेर वर्षमा सात लाख बढी कमाइ रहेको उहाँले सुनाउनुभयो। "दिनको रु सयको बिजुली खर्च हुन्छ।" उहाँले भन्नुभयो, "आजसम्म कमाइ भएन भन्ने दिन आएको छैन।", बजारको दिन त भ्याइनभ्याई हुने गरेको उहाँको अनुभव छ। राजेन्द्रले काकालाई मयुरी चलाउने पेसामा ल्याउनुभयो।



आफूले अटोरिक्सा चलाउन सुरु गरे यता गाउँमा पाँच वटा मयुरी थपिएको उहाँले बताउनुहुन्छ। निकै न्यून आयस्तर भएका राजेन्द्रको उपचारमा २२ लाखभन्दा धेरै खर्च लागेको बुवा सन्तलाल महतोले जानकारी दिनुभयो। विसं २०६० मा चिरान मिलले बुवा सन्तलालको हात काटिएपछि घरपरिवारको पालनपोषणको जिम्मा राजेन्द्रको काँधमा आयो। दुई भाइ र एक बहिनी मध्यका जेठा उहाँले एक निजी दूध डेरीमा काम गरेर घर खर्च धान्दै आउनुभएको थियो। उहाँ विसं २०७६ मा विद्युतीय दुर्घटनामा परेपछि परिवारको विचल्ली भएको थियो।

"सम्पत्तिको नाममा दुई कठ्ठा खेत र १० धुर घडेरीमा बनेको सानो घर बाहेक केही थिएन।" सन्तलालले भन्नुभयो, "आफू पहिलेदेखि अपाङ्ग एक मात्र भरोसा जेठो छोराको त्यस्तो भएपछि हामी सडकमा आइपुगेका थियौँ। हारगुहार गरेर छोरा त बचाए। अब कसरी जीवन धान्ने भन्ने दिन आयो। केही नभएको देखेर वडाध्यक्ष नागेन्द्र साहले दिनुभएको मयुरीले फेरि हाम्रो जीवन फर्किएको हो, उहाँले गहभरी आँसु बनाउनुभयो।"

त्यो दुर्घटना, त्यसपछिका केही वर्ष फर्किएर सम्झँदा मन भक्कानिने गरेको राजेन्द्रकी आमा सुमित्रादेवी महतो बताउनुहुन्छ। "छोरा दुर्घटनामा परेपछि त मेरो लागि सारा धर्ती भासिए जस्तै भयो", उहाँले भन्नुभयो, "श्रीमान्को हात काटिएपछि घर हेर्ने छोराको अवस्था यस्तो भएपछि के भयो होला ? सम्झना गर्न मन लाग्दैन।" छोराले मयुरी चलाउने हिम्मत गरेको र त्यो दुःखमा वडाले मयुरी दिएर लगाएको गुन जीवनभरि तिर्न नसकिने उहाँको भनाइ छ।

"सुरुमा मैले अब पसल चलाउँछु, भनेर वडाध्यक्षसँग सहयोग मागेको थिए", राजेन्द्रले भन्नुभयो, "वडाध्यक्षले पसलमा उधारो धेरै हुन्छ। लगानी धेरै चाहिन्छ। त्यसो नगर मसँग एउटा उपाय छ। वडाबाट एउटा मयुरी अनुदान मिलाइ दिन्छु। तिमी मयुरी चलाउ भन्नुभयो। मैले दुई पाँच सय आम्दानी भयो भने परिवार पाल्न सक्छु भनेर हुन्छ भनिदिए।"

विसं २०७९ फागुनमा वडा कार्यालयले राजेन्द्रलाई एक थान विद्युतीय मयूरी दियो। त्यस यता राजेन्द्रले दुःखका दिनलाई फेरि फर्किएर हेर्नुपरेको त छैन नै केही गर्नसक्छु भन्ने हिम्मत बढाउनुभयो। अटोरिक्साको आम्दानीले बहिनीको विवाह गर्दा लागेको रु पाँच लाख ऋण तिरेको उहाँले बताउनुभयो। "मैले अटोरिक्सा चलाएर नसोचेको आम्दानी गरे", उहाँ भन्नुहुन्छ, "एउटाले नभ्याउने भएपछि त्यसैको कमाइबाट तीन महिना पहिला मात्र अर्को अटोरिक्सा किनेको छु।"

अटोरिक्सा लिएर राजेन्द्र महोत्तरीको बर्दिवास, रौतहटको चन्द्रपुर, बरहथवा, जिल्ला सदरमुकाम मलङ्गवासम्म पुग्नुभएको छ। तर, उहाँ अधिकांश समय गाउँबाट दुई तीन किलो मिटरको दुरीमा रहेको हरिवन बजार ओहोरदोहोर गर्ने यात्रुहरूलाई सेवा दिनुहुन्छ। सरल र मिलनसार उहाँको अटोरिक्सामा स्थानीय ढुक्क भएर यात्रा गर्छन। आज भोलि बिहान सबेरैदेखि साँझ अबेरसम्म यात्रुलाई गन्तव्यसम्म पुऱ्याउनु राजेन्द्रको नियमित कर्म बनको छ।

दुर्घटनामा खुट्टा गुमाएपछि कसरी परिवार पालौँला भन्ने चिन्तामा रहेका राजेन्द्र वडाबाट पाएको अटोरिक्सा चलाउन थालेपछि फेरि परिवारको दरिलो आड बनेर उभिनुभएको छ। त्यतिमात्र हैन, मेहिनत गरेर परिवारलाई सुखले पाल्न सक्छु भन्ने हिम्मत बढेको उहाँले उत्साहित हुँदै सुनाउनुहुन्छ। राजेन्द्रको दुर्घटनापछि नै एक छोरा र एक छोरी जन्मिएका छन्। विवाहको सात वर्षपछि सन्तान पाएका राजेन्द्रले खुसियालीमा गाउँमा भोज नै खुवाउनुभयो।

**सवारीचालक अनुमतिपत्र नपाएको गुनासो**

सामान्य मानिसले जस्तै आफूले मयुरी सजिलै चलाउन सक्ने भए पनि अनुमति पत्र नपाएको राजेन्द्रको गुनासो छ।

उहाँ जिप, कार चलाउन अनुभवी र अनुमतिपत्र प्राप्त चालक हुनुहुन्छ। दुर्घटनापछि ठूलो सवारी चलाउ छाडेको बताउनुभयो। मयुरीको सबै नियन्त्रण हातमा हुने र दायाँ खुट्टा राम्रो भएकाले काम गर्न कुनै समस्या नभएको उहाँ बताउनुहुन्छ। त्यति हुँदाहुँदै यातायात व्यवस्था विभागले आफूहरू जस्ताको लागि चालक अनुमतिपत्र दिनेसम्बन्धी व्यवस्था नभएको भन्दै फर्काएको उहाँको दुखेसो छ।

"मैले चालक अनुमतिपत्र लिने प्रयास गरे", उहाँले भन्नुभयो, "बुझन जाँदा अपाङ्गता भएकाका लागि दिन मिल्ने कानुन छैन भनेर फर्काउनुभयो। विदेशमा कम्मर तल नचल्ने व्यक्तिहरूले सबै नियन्त्रण हातमा राखेर गाडी चलाउने अनुमति पाउछन्।" यहाँ पनि त्यस्तै व्यवस्था हुनुपर्ने उहाँको माग छ। यो सोख भन्दा पनि रोजी रोटी सँग जोडिएको विषय भएकोले सरकारले यता ध्यान दिनुपर्ने उहाँ बताउनु हुन्छ।

यसरी शारीरिक रुपमा सामान्य क्षति पुगेका अपाङ्गता भएकाहरू सयौँले क्षमता र हिम्मत हुँदाहुँदै श्रम गरेर खान नपाएको उहाँको भनाई थियो।

हरिवन-५, का वडाध्यक्ष नागेन्द्र साहले राजेन्द्रलाई अटोरिक्सा सहयोग गरेर आफूले स्थानीय जनप्रतिनिधिको भूमिका निर्वाह गरेको बताउनुभयो। आर्थिक रुपमा निकै विपन्न परिवारमा एकपछि अर्को बज्रपात परेको र त्यसबाट एक परिवार नै धारासायी बनेपछि वडाले जीविकोपार्जन कार्यक्रमअन्तर्गत मयुरी किनेर दिएको उहाँको भनाइ थियो।

"घरमुली बुवाको बायाँ हात काटिएको छ।" उहाँले भन्नुभयो, "त्यस पछि घरको सबै अभिभारा सम्हालेका छोरा राजेन्द्रको पनि खुट्टा गुमेपछि त्यो परिवारमा कस्तो अवस्था भयो होला ? एउटै वडावासी भएको नाताले मैले महसुस गरेको छु। युवा मान्छे केही गर्नुपऱ्यो भन्ने हिम्मत लिएर सहयोग माग्न आउनुभयो। मैले नै वडाबाट निःशुल्क अटोरिक्सा उपलब्ध गराई दिए। अहिले प्रगति नै प्रगति भएको छ। हामी निकै खुसी छौँ।"

यस वडा कार्यालयले हरेक वर्ष यस्ता विपन्न परिवार छानेर आवास र स्वरोजगारीको लागि विभिन्न सहयोग गर्ने गरेको उहाँले बताउनुभयो। स्थानीय सरकारको भूमिका यही होला भन्ने लागेको उहाँको अनुभव छ। "स्थानीय सरकारले बजेट तयार गर्दा लैङ्गिक उत्तरदायित्व लिएर लक्षित वर्गको लागि बजेट राख्नुपर्ने व्यवस्था नै छ", उहाँले भन्नुभयो, "सोहीअनुसार जीविकोपार्जनका लागि विपन्न परिवारलाई सहयोग गरेका छौँ।"रासस

# विपद्मा क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न एक खर्ब एक अर्ब लाग्ने अनुमान

काठमाण्डु। भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाको पुनर्निर्माण गर्न करिब रु एक खर्ब एक अर्ब १२ करोड लागत अनुमान गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) ले विपद् पश्चात्को पुनर्निर्माण तथा पुनःस्थापना योजना स्वीकृत भएको जनाएको छ। तत्कालै लाभग्राहीसँग सम्झौता प्रक्रिया अघि बढ्ने जानकारी दिएको छ।

आइतबार बसेको विपद् राष्ट्रिय परिषद्को १६औं बैठकले उक्त योजना स्वीकृत गरेको हो। बैठकले योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहलाई आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई निकासा दिने प्रबन्ध मिलाउन निर्देशन दिने निर्णय गरेको छ।

प्राधिकरणका सहसचिव डा भीष्मकुमार भुसालले आगामी माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता हुने जानकारी दिनुभयो। उहाँका अनुसार देशभर एक लाख २० हजार सात सय ३२ संरचनामा क्षति पुगेको थियो। त्यसमध्ये सडक पुल तथा यातायात क्षेत्रको क्षति तीन सय ८१ रहेको छ। यी संरचना पुनर्निर्माण गर्न रु २८ अर्ब १६ करोड लागत अनुमान गरिएको छ। आवश्यक लागत तीन आर्थिक वर्षसम्म जुटाउने र आयोजना सुधार तथा पुनर्निर्माण सम्पन्न गर्ने सरकारको लक्ष्य छ।

प्राधिकरणका अनुसार एक सय ७६ सरकारी भवन तथा सहरी



पूर्वाधारमा क्षति पुगेको थियो। ती पूर्वाधार पुनर्निर्माणका लागि करिब रु दुई अर्ब ३१ करोड लागत अनुमान गरिएको छ। जसमध्ये आव २०८१/०८२ मा रु ६९ करोड २८ लाख, २०८२/०८३ मा रु ९२ करोड ४२ लाख र २०८३/०८४ मा रु ६९ करोड ३१ लाख खर्च गर्ने लक्ष्य छ।

यसैगरी विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाइ क्षेत्रमा रु १७ अर्ब ३५ करोड लागत अनुमान गरिएको छ। यस क्षेत्रका दुई हजार एक सय १९ आयोजनामा क्षति पुगेको थियो। यसैगरी एक लाख १५ हजार पाँच सय ५८ निजी आवासमा क्षति पुगेको छ। निजी आवास पुनर्निर्माण गर्न करिब रु ४० अर्ब लागत अनुमान गरिएको छ।

विपद्बाट एक हजार पाँच सय ६२ शैक्षिक संस्थामा क्षति पुगेको थियो। जसको लागत रु पाँच अर्ब ९३ करोड लाग्ने अनुमान गरिएको छ। यसैगरी ९० स्वास्थ्य संस्थामा क्षति पुगेको र पुनर्निर्माण गर्न रु ७० करोड ७९ लाख लाग्ने अनुमान गरिएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आठ सय १३ आयोजनामा क्षति पुगेकामा पुनर्निर्माण तथा सुधारमा रु छ अर्ब ४८ करोड लाग्ने अनुमान छ। तेत्तीस पुरातात्विक संरचनामा क्षति पुगेको थियो। ती पुरातात्विक संरचना पुनर्निर्माण गर्न रु दुई अर्ब ४९ करोड लागत अनुमान गरिएको छ।

यी सबै संरचना निर्माण गर्न आवश्यक रु एक खर्ब एक अर्ब लागतमध्ये, आव २०८१/०८२ मा रु ३० अर्ब ५७ करोड २३ लाख, २०८२/०८३ मा रु ४० अर्ब ४० करोड ६३ लाख र २०८३/०८४ मा रु ३० अर्ब १४ करोड ७१ लाख खर्च हुने अनुमान गरिएको छ।

प्राधिकरणका अनुसार मनसुनजन्य विपद्मा मात्रै रु ४६ अर्ब ६८ करोड बराबरको क्षति भएको थियो। प्राधिकरणका सहसचिव भुसालले आवश्यक लागत व्यवस्थापनमा चुनौती रहेकाले तीनै तहको सरकारबीच समन्वय जरुरी रहेको बताउनुभयो। रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०९/२५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : राजाबुल राईन**
**सिम्बोल नं.: ३१७०३७९१**
**रजिष्ट्रेशन नं.: ७८२१७०१७०३८६**
**ठेगाना:जि.ध. बटेश्वर गाउँपालिका, वार्ड नं. ५**
**मो.नं. ९८१७६१५३३६**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संविधान संशोधनका नाममा संघीयता र मधेशको अधिकारको प्रश्न उठाउन पाइँदैनः मुख्यमन्त्री सिंह



*मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संविधान संशोधनका नाममा गणतन्त्र, सङ्घीयता र मधेशले प्राप्त गरेको अधिकारका उपलब्धिबारे प्रश्न उठाउन खोजिएमा त्यो स्वीकार्य नहुने बताउनुभएको छ । संविधानका केही धारामा भने संशोधनको आवश्यकता औँल्याउँदै उहाँले संविधान संशोधन महत्वपूर्ण विषय भएकाले सबैको सल्लाह र सुझाव लिएर मात्र निर्णयमा पुग्न सुझाव दिनुभयो । संविधान संशोधन आवश्यकताका आधारमा अघि बढइनुपर्नेमा उहाँले जोड दिनुभएको छ ।*

*यसअघि सप्तरीको तिलाठीकोइलाडी गाउँपालिका प्रमुख र प्रदेशसभा सदस्यको अनुभव सम्हाल्नुभएका उहाँ गत जेठ २५ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । प्रस्तुत छ, प्रदेशबाट भइरहेका सेवा प्रवाह, उपलब्धि, तीन तहका सरकारबीच सहयोग र समन्वय तथा संविधान संशोधनलगायत समसामयिक विषयमा मुख्यमन्त्री सिंहसँग राष्ट्रिय समाचार समिति (रासस)का मधेश प्रदेशका प्रमुख सुरेश झा र निमित्त प्रमुख समाचारदाता नारायण न्यौपानेले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*

**यहाँले मधेश प्रदेश सरकारको नेतृत्व सम्हालेपछि प्रदेशमा के कस्ता उपलब्धि भए त्यसको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- मुख्यमन्त्रीका रुपमा गत जेठ २५ गते शपथ लिइरहँदा केही दिनभित्रै नयाँ बजेट ल्याउनुपर्ने संवैधानिक बाध्यता थियो । हामीलाई पर्खने र सोच्ने समय थिएन । तीन दिनभित्र नीति तथा कार्यक्रम र सात दिनभित्र बजेट ल्याइयो । त्यो बजेट हालसम्मकै उत्कृष्ट छ । बजेटमार्फत गौरवकै रुपमा सबै निर्वाचन क्षेत्रलाई समेट्ने योजना तर्जुमा गरिएको छ । प्रत्येक निर्वाचन क्षेत्रमा नमूना विद्यालय, शैक्षिक पार्क, रोजगार केन्द्र, कृषि उत्कृष्टता केन्द्र, पाँच किलोमिटर सडक कालोपत्र र कम्तीमा एउटा पक्की पुल निर्माणको सोच अघि बढाइयो ।

सात वर्षदेखि चलिआएका गलत अभ्यास र प्रणालीलाई तोड्दै अघि बढ्ने क्रममा र कमको अभाव पनि झेल्नुपरेको छ । विगतमा पुँजीगत खर्च ५० प्रतिशत पनि नभएकाले सबै योजनामा पैसा राख्न सम्भव भएन । विशेष अनुदानबापत आउनुपर्ने रु तीन अर्ब यसपटक शून्य रह्यो । मुलुकभर विज्ञान र गणित पढाउने शिक्षक तथा स्वास्थ्य, सिँचाइ, कृषि, भूमिसुधार, नापीमा काम गर्ने ठूलो जनशक्ति मधेश प्रदेशको भए पनि शिक्षाको स्तर खस्कँदै गएकाले प्रत्येक निर्वाचन क्षेत्रमा नमूना विद्यालयको अवधारणा अघि सारिएको छभने सूचना प्रविधि पार्कको अवधारणासमेत अघि सारिएको छ । प्रत्येक स्थानीय तहका वडामा साक्षरता अभियान र घरमा रहने महिलालाई लक्षित गरी कृषि महिला स्वयंसेवी कार्यक्रम अघि बढाइएको छ । घोषणा भएका कार्यक्रम कार्यान्वयनका लागि जनशक्ति र बजेट व्यवस्थापन चुनौतीका रुपमा छ ।

**विभिन्न चुनौतीका बीचमा पनि प्रदेश सरकारले धेरै विकास र समृद्धिको आधार तयार गरेको छ भन्न खोज्नभएको हो ?**

- हो, प्रत्येक वर्ष आर्थिक वर्षको अन्त्यसँगै साउन र भदौमा कर्मचारी प्रदेश कार्यालयमा नबस्ने समस्या थियो, त्यो अन्त्य गर्न म आफैँ स्वयं पनि संलग्न भएर अनुगमनलाई तीव्र पारियो । यसबाट नतिजा राम्रो आयो, अहिले कार्यलयमा बस्ने वातावरण बन्यो । विभिन्न समस्यालाई किनार लगाउँदै प्रदेश सरकार अघि बढिरहेको छ । अघि बढ्ने सन्दर्भमा बाधा पन्छाउन विभिन्न प्रयास र प्रक्रिया अवलम्बन गरिएको छ । यस वर्ष नयाँ तथा बहुवर्षीय धेरै योजना बोलपत्रमा लागिसकेको छ । केही लाग्ने क्रममा छ । त्यसको परिणाम छिट्टै आउँछ ।

**थुप्रै उपलब्धि सुनाउनुभएको छ, त्योभित्र पनि मुख्य केलाई लिनुहुन्छ ?**

- विगतमा आन्दोलनका क्रममा बनेका मेडिकल कलेज बन्द हुने र नयाँ नखोलिँदाको प्रभाव अहिले मुलुकको अर्थतन्त्रमा परेको छ । न्यूनतम पूर्वाधार नहुँदा अभिभावकले सन्तानलाई उच्च शिक्षा अध्ययन गर्न विदेश पठाउनु परिरहेको छ । यो हाम्रा लागि प्रत्यक्ष ठूलो क्षति हो । पछिल्लो समय देशमा उच्च शिक्षामा एमबिबिएसजस्ता स्वास्थ्यसँग जोडिएका थुप्रै कार्यक्रम अघि बढेका छन् । प्रदेशमा पनि पहिलोपटक एमबिबिएसको पढाइ सुरु भएको छ । एमबिबिएसका लागि हामीले पनि ५० सिट पाएका छौँ । यसमा ३८ वटा पूर्ण छात्रवृत्तिको कोटा छ । त्यो सिटमा नेपालको कुनाकाप्चाबाट विद्यार्थीको प्रतिनिधित्व छ । तर नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयलाई अनुदान दिने तर प्रदेश सरकारले स्थापना गरेका विश्वविद्यालयले अनुदान नपाउने अवस्था छ, त्यसलाई सच्याउन जरुरी छ । एमबिबिएसको पढाइको सुरुआत गर्नु प्रदेशको गौरव र ठूलो उपलब्धि हो । प्रत्येक निर्वाचन क्षेत्रमा पाँच किमी सडक कालोपत्र ठेक्का जाँदैछ त्यो उपलब्धिका रुपमा लिएका छौँ । प्रत्येक निर्वाचन क्षेत्रमा पुल, रोजगार केन्द्र, मोडल स्कुल, एजुकेसन पार्कको अवधारणा कार्यान्वयनमा जाँदैछ । यो महत्वपूर्ण उपलब्धि हो ।

**कार्यसम्पादन गर्ने सिलसिलामा प्रदेश सरकारले के कस्ता समस्या र चुनौती झेल्नु पर्‍यो ?**

- आर्थिक स्रोत अभाव (फन्डक्राइसिस) सबैभन्दा ठूलो चुनौती हो । राज्यबाट पाउनुपर्ने अनुदान लिन समस्या छ । मधेश प्रदेश कृषिमा आधारित क्षेत्र हो । पैसा भएर पनि किसानलाई समयमा मलखाद्य दिन सकिएको छैन । केन्द्र सरकारले खरिद गरेको मल निर्धारण भएको कोटाअनुरुप मात्र पाइन्छ । भविष्यमा यसलाई सल्टाएर जानुपर्नेछ । यो प्रदेश औद्योगिक केन्द्रका रुपमा छ । यहाँ लगानीकर्ता उद्योग खोल्न आउँछन् तर उनीहरुलाई विद्युत्, जग्गाको व्यवस्था तथा राजस्व छुट र सहयोग गर्न सक्छौँ । त्यो सबै अधिकार केन्द्रसँग छ । त्यो पनि समस्याकै रुपमा छ ।

**मधेशलाई सुविधासम्पन्न क्षेत्रका रूपमा हेरिने तथा चर्चा र परिचय गराइँदै आएको सन्दर्भमा विकास भनेको के रहेछ भन्ने लाग्छ ?**

- समथर जग्गा भएका हुनाले तराईलाई सुविधा होला भनेर हेर्ने र बुझ्ने गरिन्छ तर सेवा प्रवाह र अरू हिसाबले असुविधा मात्र छ । मधेश प्रदेशले सबै मौसममा साना ठूला सबै खाले विपद् भेल्नु परिरहेको छ । अहिले अत्यधिक चिसोले मानिसको मृत्यु भइरहेको छ । कैयौँ मानिस सामान्य घर, गरिबी ओढ्ने/ओच्छाउने लुगाको अभावले कठ्याङ्ग्रिएर समस्यामा छन् । गर्मीयाम लाग्नसाथ आगलागीबाट ठूलो जनधनको क्षति ब्यहोर्नुपर्छ । आगलागीमा सयौँ घर एकैचोटि जल्न पुग्छन् । भूकम्प गएको क्षेत्रमा प्राधिकरण गठन गरेर सरकारले नै घर बनाइदिने गर्छ । आगलागीबाट एक सयको सङ्ख्यामा घरगोठ जलेर नष्ट भए पनि कुनै प्राधिकरणले घर बनाई दिँदैन । बाढीले घर बगाउने र खेतीबाली डुबानबाट नष्ट हुन्छ । प्रदेश सरकारले यसपटकदेखि बीमा गरी घर जल्यो भने तीन लाखसम्म क्षतिपूर्ति पाउने व्यवस्थासहितका कार्यक्रम ल्याएको छ ।

> राज्यले सबै क्षेत्रमा तत्काल नतिजा दिन सक्ने अवस्था हुन्न । विधि र प्रक्रिया पूरा गर्न केही समय लाग्न सक्छ । एक वर्षका लागि बनाइएको बजेट कार्यान्वयन भएर नतिजा नआएसम्म अवस्थाको मूल्याङ्कन गर्न सकिन्न । हरेक आयोजनाको जग निर्माणमा प्रशस्त समय र पैसा लाग्न सक्छ । त्यो पाटोलाई हेरिनुपर्छ । अहिले जग हाल्ने काम भएको छ । केही प्रगति भएन भन्ने कोणबाट मात्र विश्लेषण गरिनु हुन्न । केही समयपछि नतिजा आउँछ, अनि देखिनेगरी काम फटाफट अघि बढ्छ ।

**जनताले अनुभूत र सेवासुविधा प्राप्त गर्ने रूपान्तरणकारी योजना प्रदेश सरकारले बनाएको छ ?**

- राज्यले सबै क्षेत्रमा तत्काल नतिजा दिन सक्ने अवस्था हुन्न । विधि र प्रक्रिया पूरा गर्न केही समय लाग्न सक्छ । एक वर्षका लागि बनाइएको बजेट कार्यान्वयन भएर नतिजा नआएसम्म अवस्थाको मूल्याङ्कन गर्न सकिन्न । हरेक आयोजनाको जग निर्माणमा प्रशस्त समय र पैसा लाग्न सक्छ । त्यो पाटोलाई हेरिनुपर्छ । अहिले जग हाल्ने काम भएको छ । केही प्रगति भएन भन्ने कोणबाट मात्र विश्लेषण गरिनु हुन्न । केही समयपछि नतिजा आउँछ, अनि देखिनेगरी काम फटाफट अघि बढ्छ ।

**तपाईंले प्रदेशको नेतृत्व सम्हालेपछि संघ, प्रदेश र स्थानीय तहका सरकारबीचको सहयोग, समन्वय र सहकार्य कस्तो पाउनुभएको छ ?**

- स्थानीय तहको नेतृत्व गर्दै एक कार्यकाल चलाएको अनुभव मसँग छ । मुख्यमन्त्री हुँदा काम गर्न जति गाह्रो छ, त्यति चुनौती स्थानीय तहमा छैन । इच्छशक्ति, आँट, बजेट र 'भिजन' भएमा नतिजा दिने गरी स्थानीय तहमा काम तुरुन्त गर्न सकिन्छ । एउटाले अर्कोलाई दोषारोपण गर्नेतर्फ नभई देश र जनताको हितमा काम गर्न आवश्यक छ । स्थानीय तहको संरचना नभएको भए कोराना महामारीविरुद्धको लडाइँ निकै चुनौतीपूर्ण हुन्थ्यो । अहिले स्थानीय तह र प्रदेश सरकारले पाउनुपर्ने अनुदानमा हाम्रो चित्त बुझ्न सकेको छैन । प्रदेशलाई हेर्ने दृष्टिकोण र उपलब्ध गराउने बजेटका सन्दर्भमा सोचमा परिवर्तन आउनुपर्छ । स्थानीय तहले साना प्रदेशले मध्यम र केन्द्रले ठूलो योजना बनाउनुपर्छ । तीनवटै तहले एकैखाले योजना बनाउने कार्य रोकिनुपर्छ । कुन योजना कसको भनेर परिभाषा गर्न सक्ने अवस्था छैन । यी विषयमा आगामी दिनमा सोच्न र छलफल गर्नुपर्नेछ ।

**संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार प्रयोग सम्बन्धी प्रावधानको अभ्यास, कार्यान्वयनको अनुभव कस्तो छ ?**

- संविधानले धेरै विषयवस्तुको प्रदेशको एकल अधिकार र साझा सूचीमा राखेको छ । अहिलेसम्म आइपुग्दा सङ्घले ती अधिकार आफूमै निहित होस् भन्ने चाहना राखेको देखिन्छ । हामीले पनि हाम्रो क्षेत्रभित्र आउनुपर्छ भनेर वकालत गरिरहेका छौँ । तर अहिले त्यो स्तरको परिपक्वता र जनशक्ति दिन खोजिरहेको देखिन्न । हामीले एकल सूचीमा रहेको गुठीको विधेयकको मस्यौदा गर्न कोसिस गरिरहेका छौँ । साझा तथा एकल सूचीमा रहेको प्रहरी ऐन नहुँदा कार्यसम्पादन प्रभावकारी तुल्याउन चुनौती भइरहेको छ ।

**संविधान संशोधनको विषय उठेको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

- संविधान संशोधन एउटा भेग विषय हो । संविधान जारी गरेकै बखत मधेशवादी दलहरुले केही विषयमा असहमति जनाएका थिए । हामीले संविधानमा भएका सबै प्रावधान खराब भनेको होइन । केही धारामा संशोधनको आवश्यकता छ । त्यो हुनुपर्छ । तर संशोधनका नाममा मधेशले पाएको अधिकार, गणतन्त्र, सङ्घीयताजस्ता उपलब्धिका बारेमा कतैबाट प्रश्नचिह्न गरिन्छ त्यो स्वीकार्य हुँदैन । संशोधनसम्बन्धी महत्वपूर्ण विषयमा सबैको सरसल्लाह र चासो लिएर मात्र निर्णयमा पुग्न जरुरी छ । संशोधनको आवश्यकताका आधारमा अघि बढ्नुपर्छ । हाम्रो पार्टीले नौलो गणतन्त्रको पक्षमा आफूलाई उभ्याउँदै आएको छ । संविधानमा सरकार गठन भएको दुई वर्ष पुरा नभई विश्वास र अविश्वासको मत ल्याउन पाइन्न भनियो तर यसबीचमा गलत प्रयोग भए । अस्थिर राजनीति अन्त्य गर्न प्रत्यक्ष निर्वाचनबाट कार्यकारी चुनिनुपर्छ भन्ने हाम्रो मान्यता हो । अरूले गरेका असल अभ्यासहरुलाई हामीले आत्मसात् गर्नुपर्छ । नेपालमा भएको समावेशीका विषयलाई विश्व समुदायले राम्रो अभ्यासका रुपमा ग्रहण गरेको छ ।

**प्रदेशमा कर्मचारी टिकाउ र विकास निर्माणमा भइरहेको ढिलाइप्रति उठेका गुनासाप्रति यहााको भनाइ र बुझाइ के हो ?**

- निजामतीलाई मुलुकको स्थायी सरकार भनिरहँदा कर्मचारीतन्त्रको सोचमा अझै सङ्घीयता र लोकतन्त्र आएको महसुस गर्न सकिएको छैन । अहिले पनि कर्मचारीमा केन्द्रीकृत मानसिकताबाट ग्रसित छन् । एकपटक लोक सेवा पास गरेपछि 'फिक्स डिपोजिट'जस्तो रुपमा बुझ्नुभएको छ । कार्यसम्पादन र सेवा प्रवाहका आधारमा मूल्याङ्कन विधि आवश्यक छ । कर्मचारीतन्त्रमा जवाफदेहिताको अभाव छ । जबसम्म राज्यको कुर्सीमा रहेका व्यक्तिले सेवा प्रवाहलाई सहज र सरल रुपमा उपलब्ध गराउने विषयलाई आत्मसात् गर्दैनन् त्यो नभएसम्म सुशासन र सेवा प्रवाह चुस्त हुन सक्दैन । कर्मचारीतन्त्रमा आफ्नो हित र स्वार्थ जोडिएका कामलाई जस्तोसुकै जटिल भए पनि सुल्झाउने तर अरूले ल्याएकालाई प्रश्न खडा गर्ने प्रवृत्ति देखिन्छ । विकास निर्माणको कार्य अघि बढाउने सम्बन्धमा सरकार र निर्माण व्यवसायीबीच दुवैतर्फ समस्या छ । बहुवर्षीय योजनाका लागि तोकिएको समय सीमाका आधारमा रकम विनियोजन हुन सकेको देखिन्न । विनियोजन र निकासालाई कार्यतालिका बनाएर बाध्यात्मक बनाउनुपर्छ । अर्कोतर्फ बोलपत्र आह्वान गर्दा लागत मूल्यभन्दा ५० प्रतिशतभन्दा तल झरेर बोलपत्र हाल्ने र परिसकेपछि कामै नगर्ने प्रवृत्ति छ । ३ वर्षको ठेक्कालाई १० वर्षसम्म काम नगरेर म्याद थपेको थपै गर्ने गलत प्रवृत्ति अब रोक्नुपर्छ । उसको प्रस्तुति र प्रगतिका आधारमा भुक्तानी दिने प्रक्रिया अघि बढाउनुपर्छ । उपकरण र जनशक्तिको समेत मूल्याङ्कन गरी 'टेन्डर' स्वीकृत गर्नुपर्छ । राज्यले पनि प्रतिबद्धता अनुसारको पैसा समयमा छुट्याउनुपर्छ । दुवैतर्फ नभइरहेको तालमेल सुधार गर्नुपर्छ ।

**कानुन निर्माणमा मधेश प्रदेशले गरेको कोसिस र प्राप्त उपलब्धि के कस्ता छन ?**

- प्रदेश मुख्यमन्त्रीको जिम्मेवारीमा आएपछि सात वर्षदेखि थन्किरहेको निजामती कर्मचारीसहित चारवटा ऐन पास गरिसकिएको छ । भाषासम्बन्धी विधेयकको मस्यौदा गरी पठाइएको छभने गुठीसम्बन्धी पठाउने क्रममा छौँ । पर्यटन र युवा तथा खेलकुदको पास भइसकेको छ । कानुन निर्माणमा हामीले गति लिएका छौँ ।

**विकास, पूर्वाधार निर्माण, सुशासन र समृद्धिको पर्खाइमा रहेका प्रदेशवासीलाई यहााको सन्देश केही छ ?**

- हामीलाई अहिले सबै कुरा चोखो र राम्रो चाहिएको छ । त्यसका लागि हामी आफैँको पनि जिम्मेवारी हुनुपर्छ । हामी जस्तो प्रणाली र परिवेशमा छौ, त्यही आधारमा अघि बढनुपर्छ । चुनावमा विचार नै नपुर्‍याई प्रतिनिधि चुन्ने अनि गाली सुरु गरिहाल्ने प्रवृत्ति छ । संवैधानिक व्यवस्थाअनुरुप अधिकार नै नभएका प्रदेश र सङ्घीय 'माननीय'लाई विकास निर्माणसँग जोडेर किन गाली ? उहाँहरुलाई अधिकार नै केछ र ? तथापि मत दिएका जनताले बाटो निर्माण, नदी नियन्त्रण, विद्यालय सञ्चालन, रासायनिक मलको सहजताजस्ता उठाउने कार्य भने अस्वाभाविक होइन । कतिपय विषय यस्ता जटिल हुन्छन् । उदाहरणका लागि दुई देश सरकारबीचको सहमतिका आधारमा मात्र रासायनिक मल खरिद गर्न सकिन्छ । अन्यथा प्रदेश सरकारले पैसा भए पनि किन्न सकिँदैन । त्यो पक्षलाई मतदाताले बुझ्दैन । अर्कातर्फ जिताएर पठाएपछि नतिजा खोज्नुलाई अन्यथा रुपमा लिन मिल्दैन । बजेट, अधिकार र क्षेत्राधिकार नबुझी धेरै अपेक्षा गरियो भने त्यो कसरी सम्भव होला ? पाँच कक्षामा पढ्ने विद्यार्थीलाई डाक्टर भएर शल्यक्रिया गर भनेजस्तो हुन जान्छ । प्रदेश सरकार अहिले विकास र समृद्धिमार्फत जनतालाई सरल र सहज रुपमा सेवा प्रवाह उपलब्ध गराउने कार्यमा समर्पित छ ।

## वैष्णवी बचत तथा ऋण सहकारीको साधारणसभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । वैष्णवी बचत तथा ऋण सहकारीको १५ औं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघको सभाकक्षमा संस्थाका अध्यक्ष राम अषिस मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले बचत गर्ने बानी बसाले भविष्य उज्जवल बनाउन सकिने बताए । उनले भने,'आज लाइ होइन भोलि लाइ अर्थात आजको सानो सानो बचत भोलिको सहारा भएकोले बचत गर्ने बानीको विकास गरौँ।'

सामूहिक भावनाको विकास गरौँ सहकार्यको भाव श्रृजना गरौँ हाम्रो पैसाको उचित व्यवस्थापन गर्न सक्नुपर्छ भन्दै उनले सुलभ र सहज किसिमबाट सहकारीबाट ऋण उपलब्ध हुने पनि बताए । उनले सहकारीबाट ऋण लिनै परे लिएर उत्पदन




मुलक क्षेत्र जस्तैमा तरकारी खेती,पशुपालन ,व्यपार व्यबसाय , कृषि उत्पादनमा लगानी गर्नका लागि समेत आग्रह गरेका छन् । 'आफ्नो समय र रुपैया उत्पादन मुलुक क्षेत्रमा मात्रै लागाउनु पर्ने भन्दै आजकल फैशनको दौरमा देखा सिखिमा आएर अनुत्पादक क्षेत्र समय लगानी लगाउनु भनेको कालान्तरमा नोकसानी नै हुनु हो ।'उनले भने ।

पन्ध्रौँ वार्षिक साधारण सभामा विशिष्ट अतिथिमा नीति तथा योजना आयोग मधेश प्रदेश उपाध्यक्ष डा. सोहन साह, मेमोरी गुरु नामले विश्व रेकर्ड होल्डर नवल पाजियार, संस्थाका कार्यकारी प्रमुख अधिकृत जयनाथ मण्डल लगायतकाले आआफ्नो बिचार राखेका थिए ।

## सप्तकोशीमा स्नान गर्ने श्रद्धालुको घुइँचो

राजविराज । सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहस्थित सप्तकोशी ब्यारेजमा लाग्ने कोशी मेलामा श्रद्धालु भक्तजनहरुको घुइँचो लागेको छ । सुनसरी र सप्तरीको बीचमा पर्ने कोशी ब्यारेजमा प्रत्येक वर्ष पौषशुक्ल पूर्णिमाको दिन मेला लाग्ने गर्दछ ।

यसैगरी, जिल्लाको हनुमाननगर, कुनौली, सप्तकोशी नगरपालिका-६ स्थित म्याग्जिन चौरिया, कञ्चनरुप नगरपालिकाको जगतपुरस्थित कनकट्टासहित कोशी नदी बग्ने अधिकांश स्थानमा आज कोशी स्नान र मेला भर्नेहरुको घुइँचो लागेको छ।

सप्तरीको १८ पालिकामध्ये कोशी क्षेत्रअन्तर्गत रहेका अधिकांश पालिकाले आज स्थानीय बिदा दिएका छन् । हनुमाननगर कङ्कालिनी नगरपालिका-२ का दिनेशकुमार राउतले ' कोशी स्नान गरे पापबाट मुक्ति पाउने तथा गङ्गास्नान गरेसरह हुने' जनविश्वास रहेको बताउनुभयो । यस दिन बिहान कोशी नदीमा नुहाएर मिठोचोखो खाने कुराहरु खाने चलन छ । कोशी स्नानपछि भुजा, च्युरा, पुरी, तरकारी, जेरीसहितका मिठाईहरु खाने प्रचलनसमेत छ ।

कोशी नदीलाई कौशिका माताका रुपमा पूजा गर्ने चलनअनुसार यस दिन कोशीमा नुहाएर खानेकुरा खाए हरेक इच्छा पूरा हुने जनविश्वास रहेको स्थानीय बुढापाकाहरू बताउँछन् । रोशनकुमार कर्णले कोशी मेलालाई कृषि मेलाका रुपमा समेत चिनिने कोशी मेलामा कृषि औजारका साथै घरेलु औजार (हस्त निर्मित सामग्री)हरुको खरिद-बिक्री हुने गरेको छ । यो मेलामा सप्तरीको सप्तकोशी, हनुमाननगर कङकालिनी र राजविराज नगरपालिकासहित सुनसरीको कोशी गाउँपालिका र भारतको विहार राज्यको सुपोल जिल्लाका भक्तजन मेला भर्नेहरु आउने गर्दछ । रासस

## हरिवन र हरिहरपुरगढीबीच सडक स्तरोन्नति गर्ने सम्झौता

बरहथवा । सर्लाहीको हरिवन नगरपालिका र सिन्धुलीको हरि हरपुरगढी गाउँपालिकाबीच सडक स्तरोन्नति गर्ने सम्झौता भएको छ ।

आइतबार हरिवन नगरपालिका र हरिहरपुरगढी गाउँपालिका जोड्ने विभिन्न चार वटा सडक स्तरोन्नति गर्ने सम्झौता भएको हो । दुई पालिका जोड्ने केरावारी-रानीचुरी-रागेदोभान सडक खण्ड, हरिवन-क्यानेश्वर सडक खण्ड, तित्रीगाछी-धुम्बे-भुताहा-बरुण सडक र अत्रौली-केवनचुली-भुताहा-बरुण सडक स्तरोन्नतिका लागि दुवै पालिकाबीच सम्झौता भएको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले जानकारी दिनुभयो ।

सिन्धुलीको क्यानेश्वर र हरिहरपुरगढी गाउँपालिकाको अधिकांश गाउँका स्थानीयको व्यापारिक केन्द्र सर्लाहीको हरिवन बजार हो । व्यवस्थित सडक नहुँदा भौगोलिकरुपमा




नजिक भएका सिन्धुलीका यी दुई पालिकाका नागरिकले सर्लाहीको हरिवन सम्म आउजाउ गर्न सास्ती व्यहोर्दै आएका छन् । दुवै पालिकाले आ-आफ्नो सिमानासम्म सडक स्तरोन्नति गर्ने सहमति गरेको हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाइबाले बताउनुभयो ।

"हाम्रो पालिकाका केही गाउँका स्थानीयलाई भौगोलिक हिसाबले सर्लाहीको हरिवन नजिक पर्छ," उहाँले भन्नुभयो, "उहाँहरु अझै व्यापार, उपचार तथा अन्य कामका लागि हरिवन धाउनुहुन्छ । तर, सडक राम्रो नहुँदा सास्ती भोग्नु परिरहेको छ ।"

सम्झौतापत्रमा हरिवन नगरपालिकाको तर्फबाट प्रमुख बुढाथोकी र हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष वाईबाले हस्ताक्षर गर्नुभएको छ । हरिवनबाट सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाको क्यानेश्वर हुँदै मरिण जोड्ने सडक स्तरोन्नति गर्ने विषयमा केही समय अघि बागमती प्रदेशका आर्थिक मामिला मन्त्री कुन्दनराज काफ्ले र मधेश प्रदेशका अर्थ मन्त्री सुनील यादवबीच छलफलसमेत भएको थियो । उद्योग वाणिज्य सङ्घ हरिवनको आयोजनामा दुवै प्रदेशका मन्त्रीहरूले संयुक्तरूपमा उक्त सडकको अवलोकन गर्नुभएको थियो ।

हरिवनदेखी धिमिले हुँदै हरिहरपुरगढीको क्यानेश्वरसम्म १३ किलोमिटर र क्यानेश्वरदेखि मरिणसम्म २२ किलोमिटर गरी मरिणसम्म ३५ किलोमिटर दूरी रहेको छ ।रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अनियमितताको मनोविज्ञान

अख्तियारले भ्रष्टाचारी ठहर गर्न अदालतमा मुद्दा दायर गर्नु दिनचर्या बिनेको छ। पत्रपत्रिकाका लागि भ्रष्टाचारी ,भ्रष्टाचार , अनियमितता शब्द लेखन वर्णमाला घोक्ने , अभ्यास गर्ने झैं भएको छ। मूल रुपमा सवाल हो ठहरको परिणाम, प्रतिफलको। ठहरको प्रभावकारिताका बारे चिन्तताको अभावले संयन्त्रहरुमा यसको त्रास , डर , खासै वातावरण बन्न सकेको छ। यसको कारक तत्व तलदेखि माथिसम्मको मनोविज्ञान हो । सरकारी संयन्त्रमा प्याप्त यस किसिमको मनोविज्ञान अन्त्य भाषण गर्नमा मात्र सीमित हुनु हो । प्रधानमन्त्रीदेखि, मुख्यमन्त्री , मन्त्री , स्थानीय निकायका पदाधिकारी , उच्च तहदेखि निम्न तहका कर्मचारीमा महारोगझै. आक्रान्तको अवस्थाले अख्तियारको छापा, मुद्दा दायरको परिणामले सुशासनको प्रभावकारी वातावरण निर्माणमा सहायक बन्न नसकेको विडम्बनापूर्ण अवस्था विद्यमान छ । मुद्दा दायर हुने र त्यसपछिको चलखेलले पनि अख्तियारको भूमिका निर्णायक नभएको कतिपय मुद्दाको फैसलाले नैराश्य बोध गराएको दृटान्त पनि छ। जनकपुरधामको जानकी मन्दिरको सौन्दर्यकरणको अनियमितताका सन्दर्भमा आरोपीमध्ये मुख्य रुपले आमजनको दृष्टिमा दोषीलाई सफाइ दिएको , पालिकाहरुमा जनप्रतिनिधिदेखि प्रशासकीय अधिकृत , लेखापाल , सहायकहरु विरुद्धको मुद्दामा अपेक्षा अनुरुप फैसला हुनुले चलखेलको सम्भावना भइ रहेको आशंका ,चर्चालाई नै टेवा दिइ रहेको अनुभुति भइ रहेको छ । सोचनीय कुरा के छ भने मुद्दा दायर पछिका अवस्थामा सुधार देखा पर्नु न हो । मालपोत , जिल्ला प्र्शासन , भन्सार , प्रहरी ,यातायात , बैंक , पालिका , प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्री , सचिवदेखि कर्मचारीहरुमा भ्रष्टाचारी ठहरको असर देखिदैन , काम नगर्ने , काम गर्दा कमिशन माग्ने , योजना वितरणमा शुभलाभको बाहुल्य , अनियमितता गर्नकै लागि पदमा आसीन हुने , रकमको चलखेल गर्न अधिक बजेट विनियोजन भएका मन्त्रालयको मन्त्री बन्ने प्रवृत्तिको होडबाजी प्याप्त छ। प्रमुख , लेखापाल , सहायक कर्मचारीहरुको कार्य शैलीमा पनि भ्रष्ट मनोविज्ञान प्याप्त छ। कुनै कार्यक्रमका लागि रकम स्वीकृत भयो भने कमिशन बिना चेक नबनाउने मनोवृत्तिको प्यापकत्वले अख्तियारको कार्य शैलीप्रति सन्तोषजनक अवस्थालाई पुष्टि गर्दैन । अब यो रोग सरकारी वित्तीय संस्थाहरुमा समेत देखा परेको छ। बैकहरुबाट सेवाग्राहीको रकम गायब हुने , धितो राखिएको जग्गा बिक्री गरिदिने , ऋण स्वीकृतमा आर्थिक चलखेल गर्ने घटना सार्वजनिक भइ नै राखेको छ। मुख्य रुपले यसको दोषी सुशासन नै हो । गलत नियतलाई संरक्षण दिने सरचना हो । हरेकमा गलत नियतिको प्यापकत्वले कुनै पनि प्रयासले सकारात्मक वातावरण नहनु चिन्ताको विषय हो , अन्ततः यो क्रम कहिलेसम्म प्याप्त रहन्छ , दोषीहरुको वर्चश्व कहिले सम्म रहला गम्भीर अवस्था हो ।

# मधेशको अन्तिम परीक्षा भनेको मधेशीबीचको एकता



राजेन्द्र महतो

सबै परीक्षा पछि, मधेसको अन्तिम परीक्षा के हो ? मेरो विचारमा मधेसको अन्तिम परीक्षा भनेको मधेसीबीचको एकता हो । हाम्रा डा आयोजकले विचार मन्थन मधेशी एकता समाज लेख्नु भएको छ, नाम नै मधेशी एकता समाज हो । संगठनको नाम नै मधेशी एकता हो त्यसैले यस अनुसारको काम हुनुपर्छ। स्वदेशी एकता हुनुपर्छ भन्ने सबैको विश्वास छ, हैन ? त्यसैले मधेश एक हुनुपर्छ, हैन ?

यस हलमा पुरै मधेश बसेको छ भने मानौ, मधेशको प्रतिनिधि बसेको छ। हाम्रो पुरै मधेश आजको दिनमा मधेशी शक्ति बीच एकता चाहि रहेको छ। धन्यवाद दिनुपर्छ मधेशका युवाहरुलाई ! मधेशीया शक्तिहरु जुन छ त्यो सबै त सुति सकेको थियो। एकता फेकताको कुरै बिर्सि सकेको थियो। हाम्रो युवकहरुलाई धन्यवाद दिनुपर्छ, एनपीयल बालाहरुलाई धन्यवाद दिनुपर्छ । किर्तिपुरको मैदानमा धोती याद दिलाई दियो। यहाँको शासकको र उसलाई बरदास्त नभएपछि आक्रमण पनि गऱ्यो। सन्देश त पुरै देशमा गयो नि। के अपारध थियो त्यो नौ जवानहरुको ? उ जित्यो, खेलन आयो थियो काठमाण्डौमा त्यो मधेशी नौ जवान उसलाई अपमानित किन गर्नु पऱ्यो ?

जनकपुर बोल्ट्स न नाम थियो। धोति नाम थियो ? तिमि धोति भन्यौ । तिमि त याद दिलाई दियो मधेशीलाई मित्र (यार)।

यहाँको शासकले त्यस मधेशीलाई याद दिलाई दियो । जुन बिर्सिसकेको थियो ८-१० वर्षमा सत्ता स्वार्थ विभिन्न कुर्कमा, जुन अघिलोवक्ता साथीहरुले भनि सक्यो के-के कर्म भयो के के कुर्कम भयो त्यो। मधेश एकताको लागि मैले के गरेन, सबै थोक गर्यौनी। सबै थोक त्यागेर मधेशी एकता गर्यौ । सबै मधेशी पार्टीलाई पनि एक गऱ्यौ । हृदेश जी भन्दै हुनुहुन्छ, लुज एलाईन्स गर्नुस् । अरे तपाई लुज एनाईन्स गर्न भन्दै हुनुहुन्छ, मैले त सारा मधेशी पार्टीलाई एक गर्ने काम गरे । त्यसको लागि मलाई त्याग गर्नुपर्ने काम मैले गरेको थिए। त्यसपछि के-के कुर्कमा भयो ? मधेशका जनता एक भएर देखाई दियो साहब । मधेशको जनता पुरै मेचीदेखि महाकालीसम्म, २०७२ को आन्दोलनमा जब संविधान बनि रहेको थियो । यहाँ संविधानमा हस्ताक्षर गर्ने व्यक्ति, मधेशीको घाटी काट्ने जुन संविधान बन्यो त्यसमा हस्ताक्षर गर्ने सांसद पनि अहिले यहाँ बोल्दै थियो मधेशको बारेमा। जब मधेशको घाँटी काटिदै थियो त्यस बेला तपाई के गर्दै हुनुहुन्थो त्यती बेला तपाई घाटी काट्नेको पक्षमा हस्ताक्षर गर्दै हुनुहुन्थो । लामो भाषण दिएर हुन्छ। मधेशी जनताले त पार्टी न साटी बुझि २०७२ मा ६ महिने जुन आन्दोल भएको थियो । ६ महिने बन्द हडताल, चक्काजाम नाकाबन्दीमा सारा मधेशी एक थियो, कुनै पनि पार्टी थिएन । मधेशी पार्टीलाई त छोडौ त्यहाँ त काँग्रेस, एमाले र माओवादी पार्टी पनि थिएन त्यहाँ । त्यसको नेता भाग्दै फिर्दै थियो भने जनता जय मधेश जय मधेश भन्दै थियो। सारा मधेश एक थियो, पुरै मधेशी एकता थियो। त्यसपछि के भयो ?

२०७२ को चुनावमा सैकडौ व्यक्ति शहिद भयो । हाम्रो भाई शहिद भएको थियो । ६ महिना सम्म चक्का जाम, बन्द हडताल सम्म गरेका थियौ। गरिब भन्दा गरिब जनताले पेट बाँधेर भाग लिएको थियो। सारा उद्योग कलकरखाना हाम्रो बन्द थियो। अर्बौको क्षति भयो मधेशमा । स्कूल काँलेज हाम्रो बन्द थियो, हाम्रो बालबच्चाको पढाई ६ महिनासम्म अवरुद्ध भएको थियो । हामी र हाम्रो जनताले सबै थोक गर्यौ । जुन घाँटी काट्ने संविधान बन्दै थियो त्यसमा हाम्रो यही त भनाई थियो हामी मधेशीको अधिकार पनि त्यसमा लेखिदिनुस । यही त भन्नु थियो । जुन सम्झौता गर्यो २०६४ साल फागुन १६ गते ८ सुत्रिय मधेशी मोर्चासंग गरेको सम्झौताको अधारमा संविधान बनाउनु पर्यो यती त भन्नु थियो। थारुले पनि यही भन्दै थियो की थारुको कुरा लेखि दिनु । आदीवासी जनजातीले पनि भन्दै थियो हाम्रो कुरा पनि लेखिदिनु। किनकी बिगतमा संविधान बन्नु भन्दा पहिला सबै अधिकारबादी पहिचानवादीको साथ यो खसवादी यो नश्लवादी शासकले हस्ताक्षर गरेको थियो । तर संविधान बनाउने समयमा ओली प्रवृति हाबि भयो । नश्लवादी चिन्तन सोच हाबी भयो । एकल चिन्तन शोच हाबि भयो र संविधान बनाई हाल्यो । कसले बनायो यो नश्लवादीको शासक यो काँग्रेस, एमाले, माओवादी । त्यसमा बिजय गच्छेदार जस्तो, कस्ले भन्यो मिर्जाफर जयचन कसैले उच्चारण गर्यो। त्यस्तो पनि मिसावट भयो। तर संविधान बनाई हाल्यो । सबैको सबै मधेशी एक थियो। पार्टीको कुरा छोडौ साहब, मधेश वादी पार्टीको कुरामा त मधेशी बादी पार्टी त एक थियो नै मोर्चाको हिसाबमा। सबै मधेश बादी पार्टी मोर्चा बनाएर एक ठाउँमा थियो । न मोर्चा, न पार्टी, सबै मधेसको जनता एउटै थिए, तीनै पुस्ता एउटै थिए। छोरा, नाती, हजुर बुबा सबै एउटै कुरा भन्दै थियो 'जय मधेश' त्यो आन्दोलनमा। तर भयो के ? के भयो ? पुरै मधेश, दुनियामा बस्ने सबै मधेशी एक भएको थियो। सिर्फ मधेशमा बस्ने मधेशी मात्र होईन, ईस दुनियामा बस्ने सबै मधेशीले 'जय मधेश' भन्यो। उस आन्दोलनको सर्पोट गरेको थियो। त्यसको वाबजुद्ध पनि भयो त के ?

यहाँको नश्लवादी, ओली प्रवृति गोली चलायो। गोली चलाएर संविधान घोषणा गर्यो। यो कुरा लुकेको छैननी । बताउनुस साथीहरु के यो कुरा लुकेको छ ? रे बनायो न । सबै मधेशीको एकताको बावजुद्ध पनि संविधान बनाई हाल्यो, घोषणा गरि हाल्यो । मधेशीको घाँटी रेटिदियो। मधेश आन्दोलनलाई हराई दियो। परास्त गर्यो बन्दुकको नालमा। सबै नश्लवादी काँग्रेस, एमाले, माओवदी अमरेश जीको पार्टी समेत तत्कालिन पार्टी । संविधान बनाई दियो, हाम्रो बिरोधमा र हामी हेरिरह्यौं । हामी मधेशी, आदीवासी, जनजाती र थारु हेरिरह्यौं तर हाम्रो हत्या भयो। तर आज त्यही संविधानको संशोधनको कुरा चल्दैछ। त्यही संविधानको संशोधन हुन्छ। कसले गर्छ संशोधन ? तपाई गर्नुहुन्छ ? मधेशीले गर्छ ? की त्यो नश्लवादी काँग्रेस एमाले गर्छ। काँग्रेस एमालेको न जनमत छ त्यहाँ । अहिलेको संसदमा संविधान संशोधन संसदबाट हुन्छ न की सडकबाट हुन्छ । त्यो संसदमा पहिलो पार्टी र दोश्रो पार्टी दुबै मिल्यो संविधान संशोधनको लागि मिल्यो की अरु कामको लागि मिल्यो यो पत्रकार भाई सबैले बढी बुझ्छ। कुन कुन धंधाको लागि मिलेको छ पुरै दुनियालाई थाहा छ । तर भन्दै छ संविधान पनि संशोधन गर्छु । तर संविधान संशोधन गर्छु त्यसमा जुन केही अधिकार मिलेको थियो त्यसलाई पनि काटी दिन्छु भन्दै छ। यही न भन्दै छ ? थ्रेस होल्ड लगाई दिन्छु रे अब भो। अब थ्रेस होल्ड लगाई दिन्छु तिमि मधेशीया पार्टीहरु बोरिया बिस्तर बाँधेर भाग। यही न भन्दै छ। थ्रेस होल्ड लगाउनेको मतलब के हुन्छ साहब। तिम्रो पार्टी रहदैन। थाहा छैन समावेशी हटाउछ की समानुपातिक हटाउछ ? के के हटाउछ ? भनाईको मतलब यो छ की जस्तो संविधान बनायो यो व्यक्तिहरु सबै मधेशी एकजुटताको बावजुद्ध पनि संविधान बनायो । याद गर्नुस तपाईहरु मधेशीके प्रतिवादलो । तपाईहरु ठिकसंग बुझ्नुस कुरा, तपाईहरुको पुरै मधेशी जनता एक भएर सडकमा आउँदा तर पनि संविधान बनायो उनीहरु गोली चलाएर संविधान बनायो । संविधान सभाको जनमतको प्रयोग गर्यो । ९० प्रतिशत संविधान सभाको जनमत देखाएर तीन नेताले संविधान बनायो । संविधान सभा सदस्यलाई थाहै भएन, के बन्दै छ भनेर। डिभेड पनि गर्न दिएन, फास्ट ट्रैकको नाउँमा र नश्लवादी संविधान बनाई हाल्यो। यो संविधान कुन बार फेल हुन्छ मलाई थाहा छैन, कीन कि यसअघि ६ वटा संविधान समाप्त भयो। सातौ संविधान यही नश्लवादी चिंतन सोचको कारण बार बार संविधान बन्छ। ७० वर्षमा ७ वटा संविधान बनाउने मुलुक नेपाल हो । त्यसैले मैले भन्दै छु गिनिज बुक अँफ वर्ल्ड रेकडमा नेपाल आफ्नो नाम दर्ज गराई हाल्यो। ७० वर्षमा ७ संविधान अनि त्यो संविधान जनतालाई अधिकार दिदैन । जनतालाई पहिचान दिदैन। र आफ्नै लागि संविधान बनाई हाल्छ एकल जातिय चिंतन सोच हाबीको कारण नेपालको जनताको यस्तो हालतमा राख्यो। त्यसै संविधानको संशोधनको कुरा हुदैछ । जब हामी सबैजना एउटै खुट्टामा उभि रहेका बेला त हामी माथि गोली चलाएर संसदको प्रयोग गरेर, संविधान सभाको प्रयोग गरेर हामी माथि अत्याचार गर्यो । अहिले जब संविधान संशोधन हुन गईरहेको छ । त्यसोभए के हुनेछ ? त्यो भन्दा फरक हुनेछैन। त्यो भन्दा फरक हुदैन । दोधारमा नपर्नुस, बिलकुलै दोधारमा नपर्नुस त्यही हुन्छ, किनकी यसको चिंतन त त्यही हो न। अरे त्यही माईड सेट गर्दै छ अलि अलि जुन मिलेको छ त्यसलाई पनि काटौं, खतम गरौं। अब के गर्नुपर्छ ? हिडौ भई एउटा कुरा त भई हाल्यो। यो मधेशको सभा छ, यो मधेशको पतिनिधि छ, पुरै मधेश छ यहाँ र एउटा मतबाट, एउटा धारणा बन्यो की हामीले एकता गर्नुपर्छ। मधेशी जनताको बीचमा एकता गर्नुपर्छ।

> “
> मधेशी शक्तिको बीचमा एकता गर्नुपर्छ यही प्रस्ताव हाम्रो डाक्टर साहेबको छ । मधेशी एकता समाजको प्रस्ताव छ र यस प्रस्तावलाई हामी सबैले हृदयदेखि स्वागत गर्यौ । यो कुरा सत्य छ नी । अरे मधेशी एकता हुनुपर्छ नी । हा मधेशी एकता हुनुपर्छ ।

मधेशी शक्तिको बीचमा एकता गर्नुपर्छ यही प्रस्ताव हाम्रो डाक्टर साहेबको छ । मधेशी एकता समाजको प्रस्ताव छ र यस प्रस्तावलाई हामी सबैले हृदयदेखि स्वागत गर्यौ। यो कुरा सत्य छ नी। अरे मधेशी एकता हुनुपर्छ नी। हा मधेशी एकता हुनुपर्छ।

अब यस भन्दा अगाडीको प्रश्न यो आउछ की रे भाई संविधान बनाउने समयमा पनि मधेशी एकता त थियो मधेशी जनता एक नभएर सबै शक्ति एक थियो तर पनि संविधान बनाई हाल्यो र अहिले पनि त गरिहाल्छ नी। खाली मधेशी एकताबाट हुन्छ। शक्ति नै पुगेन भन्नुको अर्थ यो नश्लवादीमाथि मधेशीको दवाब नै परेन। यो नश्लवादी जुन शासन छ त्यो दुई सय ७० वर्षदेखि शासन गरी रहेको छ। एकल शासन, १०४ वर्ष राणा शासन, ए कलाशको जहानीया शासन देशमा चल्यो । बाँकी सबै साफ , बाहुन क्षेत्री पनि साफ, मधेशी, आदीवासी, जनजाती, थारु र मुश्लिम पनि सबै साफ।

त्यसपछि राजा महराजा ३० वर्ष त्यसमा पनि पारिवारिक बंशिय शासन बाँकी सबै साफ । तर आश्चर्य त यो छ की ३५ वर्ष लोकतन्त्र गणतन्त्र, यो त आफ्नो शासन छ साहब, यो त लोकतन्त्र हो नी ? लोकतन्त्र गणतन्त्र आफ्नो शासन हो नी तर आफ्नो शासनमा पनि साफ। यो के भयो ? जनताको शासन छ लोकतन्त्र । ३५ वर्षको जुन शासन भयो त्यसमा पनि राजनितिक भयो । त्यस राजनितिकमा पनि हामी साफ भयौं । कले साफ गर्यो । कसले साफ गर्यो, कसले अधिकार दिएन ? कसले हामीलाई पहिचान दिएन, कसले संविधान बनायो, कसले गोली चलायो ? थारुहरुले अधिकार माग्दा कसले आजीवन काराबास हालि दियो ? थारु ले के भनेको थियो ? संविधानमा उसले पनि आफ्नो अधिकार मागी रहेको थियो । लिम्बुवानले के भनिरहेको थियो ? त्यो मगरातले के भनी रहेको थियो ? सबैले भन्दै थियो यो देश हाम्रो पनि हो। हाम्रो लागि पनि संविधान बनाई दिनुस न। यती त भन्नु थियो। तर नश्लवादीलाई त्यो पनि पचेन र एकल संविधान ३५ वर्षमा बनायो। ३५ वर्ष जुन शासन गर्यो त्यो शासन एकल शासन अहिले शासनको रुप हेर्नु, अहिले नेपालको शासनको रुप कस्तो छ, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सरकारको सबै अंग मैले बारम्बार संसद भवनमा भन्यौ। थोरै पनि हिम्मत छ भने जारी गरौन स्वेत पत्र। तिम्रो शासनको संरचना कस्तो छ ? कती थारु छ देखाउन ? कती मधेशी छ भने देखाउन ? कती आदीवासी जनजाती छ देखाउन ? कती बाहुन क्षेत्र छ देखाउन ? स्वेत पत्र जारी गर शासनको स्वरुप। कसरी जारी गर्छ ? कीन की एकल चिंतन सोचले भरी परेको छ। ७० प्रतिशत ८० प्रतिशत र कुनै कुनै मा त ९० प्रतिशत एकल जातिय। यसरी देश चल्छ । र उसको बिरुद्धमा तपाईहरुलाई लड्नुछ । तपाईहरु लड्ने समयमा दुश्मन को हो र मित्र को हो त्यो त पहिचान गर्नुपर्छ नी। सिधै लाठि टाउँकोमा ले मात्र काम चल्दैन ? बुद्धि प्रयोग गर्नुपर्छ साहब । हामी मधेशी एक ठाउँमा मिल्छौ तर पनि पास हुदैनौ। हामीलाई पास हुनुछ हरुबाट मधेशलाई बिजयी बनाउनु छ।

तर हाम्रो शक्ति पुगिरहेको छैन । मधेशी एकलै लड्दा यो समप्रदायीक हो, यो विदेशी हो, यो त सब भारतीय हो, यो त भारतको आन्दोलन हो । टाउको फुट्यो राजेन्द्र महतोको अनि ओली भनी दियो यो आन्दोलन भारतको हो अब भो । मधेशी आन्दोलनलाई भारतीय आन्दोल भन्ने यो नैतिक हिन, चरित्र हिन, यो शासक नश्लवादीलाई के फरक पर्छ ? आफ्नै देशको जनतालाई बिनेशी भन्नेमा कुनै हिचक हुदैन।

नेपाल जुन बन्यो दुई सय ७० वर्षअघि पृथ्वीनारायण साहले जुन भन्दैछ नेपाल बनायो त के पृथ्वीनारायण साहले खाली बाहुनको लागि मात्र यो देश बनायो । सिर्फ बाहुन नै थियो यो देशमा, सिर्फ क्षेत्री नै थियो, सिर्फ मधेशी नै थियो की जनजातिनै थियो यो देशमा सबै थियो । बाईसी चौबिसी थियो। ५०-६० वटा पहिचान थियो यो देशमा। सबै पहिचानलाई मिलाएर नेपाल बन्यो । सबै पहिचान मिलेर नेपाल बनेकोले नेपाल बहुल राष्ट्रिय राज्य हो। नेपाल एक जातिय राज्य होईन। यस सत्यलाई स्वीकार्न तयार छैन। यो वली प्रवृति, यो नेपाल सबै नेपालीको हो । यो मधेशी, आदीवासी, जनजाति, थारु, मुस्लिम, दलित, बाहुन क्षेत्री यो सबैको यो देश हो त्यसैले सबैलाई सम्मान अधिकार पहिचान दिनुपर्छ, सबैको लागि शासन र संविधान चाहियो यस कुरालाई नश्लवादी स्वीकार्न तयार छैन। समस्या त्यही छ । मधेसी एकता समाज ले काठमाडौ मा आयोजना गरेको कार्यक्रम मा राष्ट्रिय मुक्ति पार्टी को अध्यक्ष राजेन्द्र महतो जि ले राख्नु भएको बिचार !

# पूर्णिमा, सङ्क्रान्ति र कुम्भस्नान पर्व



अजयकुमार झा

प्राणी मात्रको जीवनमा स्नानक्रिया वा स्नान गर्ने स्वभावको आफ्नै स्थान छ। मान्छेले शरीरका बाहिरी अवयवलाई सफा गर्न स्नान गर्छ। यसबाहेक सूर्य स्नान, वायु स्नान, मन्त्र स्नान आदिको चर्चा पनि शास्त्रमा पाइन्छन्। तर जल स्नान आधारभूत र सर्वोपरि स्नान हो, जो नियमित गरिन्छ।

स्नानले शरीरबाट पसिना, धुलो, मयल र विषाक्त तत्त्वहरूलाई हटाउँछ; छालाका प्वालहरूलाई सफा गर्छ, जसले गर्दा छाला स्वस्थ र चमकदार रहन्छ। छाला स्वस्थ र स्वच्छ राखेर विभिन्न रोगबाट जोगिन सकिन्छ। नियमित र सही तरिकाबाट गरिने स्नानले जीवनमा सन्तुलन र शुद्धता ल्याउँछ। दिन चर्यामा अनुशासन र नियमितता ल्याउने एक माध्यम पनि हो स्नान। यसले दिनको सुरुवातमा नयाँ ऊर्जा र उत्साह भर्छ।

स्नान शरीरलाई पवित्र राख्ने माध्यम हो र यसले आत्मिक शुद्धि प्रदान गर्छ। मानसिक र आध्यात्मिक जागरणमा स्नानको विशेष महत्त्व छ। सनातन संस्कृतिमा स्नानलाई आत्मशुद्धिको प्रतीक मानिएको छ। पूजापाठ र धार्मिक अनुष्ठान प्रारम्भ गर्नुअघि स्नान गर्नु आवश्यक मानिएको छ। सनातन संस्कृतिमा स्नान एक तीर्थको रूपमा पनि स्थापित छ। तीर्थ भनेको त्यो पवित्र र पुण्य स्थान हो, जहाँ धर्मभावले मानिस स्नानका लागि यात्रा गर्दछ। कोशी, गंगा, यमुना, सरस्वती आदि अनेक पवित्र नदीहरू छन्, जसमा स्नान गर्नाले पापको नाश र मोक्ष प्राप्ति हुन्छ। पुसे पूर्णिमा, मकर सङ्क्रान्ति, कुम्भ आदि विशिष्ट स्नान पर्व हुन्।

यस वर्ष यही पुस मसान्तको दिन सोमवार पुसे पूर्णिमा परेको छ भने यसको भोलिपल्ट अर्थात् मंगलवार मकर सङ्क्रान्ति। यी दुवै दिवस यसपटक लगातारको दुई दिन विशेष स्नान-पर्वका रूपमा संयोग परेको छ। पुस शुक्ल पूर्णिमा (पुसी पूर्णिमा)को दिन नदी, तलाउ, पोखरी, दह, कुण्ड, ताल, सरोवर आदि जलाशयमा गएर स्नान गर्ने लामो समयदेखिको परम्परा छ। यसै गरी मकर स्नानको पनि आफ्नै प्रसिद्धि छ।

पुसी पूर्णिमा एक स्नान-पर्व हो, जो पौष मासको पूर्णिमाको दिन मनाइन्छ। पुसी पूर्णिमाको दिन जलाशयमा स्नान गरेपछि जीवनमा प्रायश्चित र सन्तोष प्राप्त हुन्छ। यो दिन धार्मिक र सांस्कृतिक रूपले अत्यधिक महत्त्वपूर्ण छ। पुसी पूर्णिमा भगवान विष्णु र चन्द्रदेवको विशेष पूजाका लागि जानिन्छ। पूर्णिमाको दिन चन्द्रदेवको विशेष पूजा गरिने परम्परा छ। अझ यस पूर्णिमामा चन्द्रमाको प्रभाव अधिक रहने बताइन्छ। यस दिन पवित्र नदीमा स्नान गर्नु र दानपुण्य गर्नुको निकै महत्त्व छ।

सप्तरी, सुनसरी लगायतका बासिन्दा सप्तकोशी नदीमा स्नान गर्न आउँछन्। कोशी ब्यारेजको दुवै किनारमा नुहाउनेहरूको ठुलो घुइँचो लाग्छ। कोशी ब्यारेजमा सीमावर्ती भारतीय समेत आउँछन्। कोशी ब्यारेजको दुवैतिर गाउँदेखि आउने बयलगाडादेखि सहरदेखि आउने मोटरगाडा लाम लागेका हुन्छन्। यहाँ मात्र होइन, कोशी नदीको छेवैछेउ, जहाँ जहाँ मानिसको बस्ती छ, हरेक बस्तीका मानिस नजिकको घाटमा गएर नुहाएर स्नानपर्वको धर्म निर्वाह गर्छन्। कौशिकीदेवीको मूर्ति स्थापना गरी आराधन गर्ने गरिन्छ। धार्मिक प्रवचन, भजन-कीर्तनजस्ता कार्यक्रम आयोजित गरिन्छ। घाट-घाटमा मेला लाग्छ। कतै-कतै सरकारी निकायहरूले पनि कृषि मेलाको आयोजना गर्छन्।

कोशी-स्नान नुहाएर जप-तप गरिसकेर तात्तातो जिलेबी (जेरी) खानु पुसी पूर्णिमाको परम आनन्द हो। नदीमा जान नसक्नेहरू आफ्नो घरनजिकको जलाशयमा स्नान गर्छन्।

यस वर्ष पुसी पूर्णिमाको स्नान सकेको भोलिपल्टै मकर स्नानको योग जुरेको छ। माघ मासको सङ्क्रान्ति, जसलाई मकर संक्रान्ति भनिन्छ, सनातन संस्कृतिको एक प्रमुख चाड हो, जुन सूर्यको मकर राशिमा प्रवेश गर्ने समयमा मनाइन्छ। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्छ र उत्तरायण सुरु हुन्छ। सूर्यको दिशा दक्षिणबाट उत्तरतर्फ परिवर्तन हुने भएकाले यो शुभ समय मानिन्छ र सूर्यको मकर राशिमा प्रवेश गरेको दिन मकर संक्रान्तिको पर्व मनाइन्छ।

सप्तरी, सुनसरी लगायतका बासिन्दा सप्तकोशी नदीमा स्नान गर्न आउँछन्। कोशी ब्यारेजको दुवै किनारमा नुहाउनेहरूको ठुलो घुइँचो लाग्छ। कोशी ब्यारेजमा सीमावर्ती भारतीय समेत आउँछन्। कोशी ब्यारेजको दुवैतिर गाउँदेखि आउने बयलगाडादेखि सहरदेखि आउने मोटरगाडा लाम लागेका हुन्छन्।

मकर सङ्क्रान्ति सूर्य उपासनाको पर्व हो। यस दिन सूर्यदेवको पूजा गरी आशीर्वाद प्राप्त गरिन्छ। सनातन संस्कृति र धर्ममा सूर्य पूजाको धेरै महत्त्वपूर्ण स्थान छ। यो प्राचीन वैदिक परम्पराको एक हिस्सा हो, जसमा सूर्यलाई जीवन, ऊर्जा र स्वास्थ्यको स्रोत मानिन्छ। सूर्य उपासना मुख्यतया ब्रह्माण्डको पालनपोषणकर्ता मानिने सूर्यदेवको पूजा हो। सूर्य देवतालाई जीवनको स्रोत मानिन्छ, जसले प्राणी मात्रलाई जीवन र पोषण प्रदान गर्दछ। सूर्यको किरणहरूमा स्वास्थ्य प्रवर्द्धन गर्ने गुणहरू छन्, जसले शरीरलाई शक्ति प्रदान गर्दछ र रोगहरूबाट सुरक्षा दिन्छ। सूर्य उपासनाले आध्यात्मिक प्रगति हुन्छ, आत्मालाई शुद्ध बनाउँछ र आत्म-बल तथा आत्म-विश्वास बढाउँछ।

सूर्य पूजा सर्वाधिक प्रचलित पूजा परम्परा हो। सूर्यको पूजा गर्दा जल, फूल, अक्षता र चन्दनसहित सूर्यलाई अर्घ्य दिइन्छ। छठ पर्व पनि सूर्य पूजाको एक प्रसिद्ध पर्व हो।

मकर संक्रान्ति नेपाल र भारतका विभिन्न भागमा विभिन्न नाम र परम्पराका साथ मनाइन्छ। मिथिलामा मकर सङ्क्रान्ति धुमधामका साथ मनाइन्छ। यहाँ यस पर्वलाई तिला सङ्क्रान्ति पनि भनिन्छ। यस दिन प्रत्येक परिवारमा प्रातःकालमा स्नान गरी देवतापितरलाई तिल गुड अर्पित गरी आफू पनि तिल गुड खिचडी खाने चलन छ। आमाबुबाले सन्तानलाई अक्षता, तिल र गुड मिसाएर आफ्नै हातले मुखमा तीन-तीन पटक खुवाउँछन् र त्यो खुवाउँदै गर्दा 'तिल-तिल बहब' भनी सोध्छन् भने सन्तानहरूले पनि 'बहबै' भनी जवाफ दिन्छन्। यसको तात्पर्य छोराहरूमा आमाबाबुप्रतिको सेवाको दायित्व तिल-तिल गरी अर्थात् हरेक तरहले वहन गर्नुपर्छ भन्ने संस्कार दिनु हो।

मिथिलामा तिला सङ्क्रान्तिको दिन तिल र गुडबाट लड्डु बनाएर खाने चलन पनि छ, जसलाई 'लाय' भनिन्छ। यस्तो लाय मुरही (भुजा) र चुडा (चिउरा) को पनि बनाइन्छ। चिउराको लायमा अदुवा हालिएको हुन्छ, जसले गर्दा त्यसको स्वाद विशिष्ट हुन पुग्छ।

तिलको सनातन संस्कृति, आयुर्वेद र धार्मिक परम्परामा निकै महत्त्वपूर्ण स्थान छ। यसै माघ महिनाको कृष्ण पक्षको एकादशीको नाम षट्तिला एकादशी हो। यसमा तिलको व्यवहार र दानको धेरै फल प्राप्त हुने भनिएको छ। तिलका ६ प्रकारको व्यवहार गर्ने व्यक्तिलाई षट्तिली भनिन्छ। तिलोद्वर्तन, तिलस्नान, तिलहोम, तिलको दान, तिल-भक्षण र तिलवपन तिलका ६ वटा व्यवहार हुन्।

मकर सङ्क्रान्तिको दिन खिचडी खाने चलन पनि छ। अरुवा उच्च कोटिको सुगन्धित चामलको पकाइने तिला सङ्क्रान्तिको खिचडी चार-पाँच प्रकारको दाल र उपलब्ध भएसम्मको तरकारीहरू राखेर नुन, बेसार हाली धैर्यतापूर्वक पकाइने गरिन्छ। घ्यू, तेजपत्र, जिरा, हिङ, सुकेको खुर्सानीले झानेपछि खिचडीको स्वाद लाजबाब हुन्छ।

शिशिर ऋतुमा पर्ने यो सङ्क्रान्ति पर्वमा शरीर शुद्ध गरी घिउ, तिल, गुड र खिचडी खानाले शरीरमा मौसमी आवश्यकता अनुसार प्रतिरोधी क्षमता वृद्धि हुन्छ। यस दिन शरीरमा तेल लेपन पनि गरिन्छ। यसो गर्नाले शरीर समृद्ध हुन्छ।

यस वर्ष प्रयागराजमा कुम्भ स्नानको आयोजना गरिएको छ। भारत, उत्तर प्रदेशको प्रयागराजमा गंगा, यमुना र सरस्वती नदीको संगमस्थलमा कुम्भ गरिनेछ। यो १२ वर्षमा एकपटक हुने आयोजना हो, जो १३ जनवरी २०२५ को दिन सुरु भएर २६ फरबरी २०२५ को दिन पूर्ण हुनेछ। १२-१२ वर्षमा प्रयागराज, हरिद्वार, उज्जैन र नासिक स्थित गंगा नदीमा कुम्भ स्नानको आयोजना हुँदै आएको छ। नेपालमा सप्तकोशी नदीको किनारा चतराधाममा पनि १२-१२ वर्षमा कुम्भ स्नानको बृहत आयोजन हुँदै आएको छ।

(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दक्खल राख्छन्।)

# 'सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्नुपर्ने'



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय शारीरिक अपाङ्ग सङ्घले सोमबार काठमाडौँमा आयोजना गरेको 'सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि' विषयको राष्ट्रिय कार्यशालामा मन्त्री दाहालले सडक संरचना अपाङ्गमैत्री बनाउन सरकार लागिपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सुरक्षित पूर्वाधार निर्माणमा जोड दिएका छौँ।सडकएवंसवारीदुर्घटनामार्फत हुने अपाङ्गता न्यूनीकरणका लागि हामी प्रतिबद्ध छौँ।"

सडक तथा सवारी दुर्घटना अपाङ्गता सिर्जना हुने जोखिमको क्षेत्र भएकाले यसलाई सुरक्षित बनाउन सबै पक्षको सहकार्यको आवश्यकता रहेको मन्त्री दाहालले उल्लेख गर्नुभयो । सार्वजनिक सवारीसाधनमा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिन यातायात व्यवसायी एवं मजदुरलाई आग्रह गर्नुभयो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सबै सवारीसाधनमा अपाङ्गतामैत्री व्यवहारका लागि मजदुर एवं व्यवसायीलाई अभिमुखीकरण गर्ने गरिएको बताउनुभयो। नयाँ सवारीसाधन आयात गर्दा सरकारले प्रोत्साहन गरे अपाङ्गतामैत्री सवारीसाधन भित्र्याउन सकिने उहाँले बताउनुभयो।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष देवीदत्त आचार्य, साझा यातायातका अध्यक्ष कनकमणि दिक्षित, आयोजक संस्थाका पूर्वअध्यक्ष किरण शिल्पकार, विभिन्न मजदुर सङ्गठनका प्रतिनिधिलगायतले सार्वजनिक सवारीसाधनमा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धिका लागि अपाङ्गमैत्री संरचनाको खाँचो रहेको बताउनुभयो।रासस

# 'दुवै छिमेकीले नेपाललाई प्राथमिकतामा राखेका छन्'

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले दुवै छिमेकी देश भारत र चीनले नेपालसँगको सम्बन्धलाई महत्व दिएर प्राथमिकतामा राखेका उल्लेख गर्नुभएको छ।

संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सोमबारको बैठकमा धारणा राख्दै मन्त्री डा राणाले दुवै देशले नेपालसँगको सम्बन्धलाई प्राथमिकताका साथ महत्व दिएका र नेपालसँग आवश्यक मात्रामा सम्वाद, सम्पर्क तथा अन्तरक्रिया भइरहेका जानकारी गराउनुभयो।

उहाँले भन्नुभयो, "विभिन्न द्विपक्षीय बैठकहरु, भ्रमण आदानप्रदानका साथै सम्पर्क र सम्वाद भइरहेको छ, नेपाललाई दुवै देशले विगतदेखि सहयोग गर्दै आउनुभएको छ र यो सहयोग र सद्भावले आगामी दिनमा पनि निरन्तरता पाउने नै छ।" समितिमा पछिल्लो समयमा नेपालको कूटनीतिक सम्बन्धका बारेमा समितिका सदस्यहरुले राख्नुभएको जिज्ञासामा उहाँले उक्त जवाफ दिनुभएको हो।

मन्त्री डा राणाले सो बैठकमा अमेरिकामा भएको संयुक्त राष्ट्रसङ्घीय महासभाको ७९औँ महासभामा प्रधानमन्त्री केपी शर्मा ओली र आफ्नो सहभागिता र त्यसक्रममा भएका विविध भेटघाट एवं कार्यक्रम, प्रधानमन्त्री ओलीको चीन भ्रमणका साथै आफ्नो भारत भ्रमण र ती भ्रमणमा भएका समझदारी, सम्झौता तथा द्विपक्षीय भेटघाटका विषयमा जानकारी गराउनुभएको थियो।

बिआरआइ सम्झौतामा 'ऋण' लेखिएको छैन

बैठकमा राखिएको एक जिज्ञासामा मन्त्री डा राणाले नेपाल सरकार र चीनबीच हालै सम्पन्न बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौतामा ऋण लिने भन्ने विषय कतै उल्लेख नभएको पुनः स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "सो सम्झौतामा ऋण लिने भनेर कतै लेखिएकै छैन। त्यसमा प्रयोग गरिएको 'एड' शब्दको अर्थ पनि मैले बुझेसम्म ऋण भन्ने होइन। तर यहाँ भने किन हो नेपालले ऋणमा सम्झौता गरेको भनेर मात्र भन्ने गरिएको छ।"

> "ऋण लिने कुरा त आवश्यकतामा आधारित हुन्छ । हामीलाई ऋण आवश्यक छैन, चाहिँदैन भने दिने पक्षले लिनैपर्छ भन्छ र ?"
>
> ●●●

नेपालले बीआरआईअन्तर्गत सहयोगमा आधारित परियोजनामा हस्ताक्षर गरेको र त्यसमा ऋण लिने भन्ने कुरा नलेखिएको स्पष्ट गर्दै उहाँले भन्नुभयो "ऋण लिने कुरा त आवश्यकतामा आधारित हुन्छ । हामीलाई ऋण आवश्यक छैन, चाहिँदैन भने दिने पक्षले लिनैपर्छ भन्छ र ?"

**विपीनको रिहाइका लागि अधिकतम पहल गरिएको छ**

गएको वर्ष दिनदेखि हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइका लागि परराष्ट्र मन्त्रालयले अधिकतम रुपमा पहल गरेको जानकारी सो बैठकमा दिनुभयो।

उहाँले केही दिनमात्र अघि आफूले नेपालका लागि इजरायल, इजिप्ट र कतारका राजदूतमार्फत ती देशसँग विपीनको रिहाइका लागि पहल गरिदिन पुनःआग्रह गरेको जानकारी गराउनुभयो।



साथै हमाससँग बन्दी रिहाइका लागि मध्यस्थता गरिरहेको कतारका विदेशमन्त्रीसँग आफूले कुरा गर्ने प्रयास गरिरहेको र एक दुई दिनमा कुराकानी गरी उहाँसँग पनि यसै विषयमा अनुरोध गर्ने मन्त्री डा राणाले जानकारी दिनुभयो।

हमासले पहिलो चरणमा आफ्नो नियन्त्रणमा रहेका बृद्धबृद्धा, महिला, बालबालिका एवं नाजुक स्वास्थ्य अवस्थामा रहेका व्यक्तिलाई रिहा गर्ने तयारी गरेको भन्ने सूचना आएकाले यही चरणमै विपीनको पनि रिहाइका लागि पहल गरिदिन आफूले विदेशी समुदाय र सरोकारवालाहरुसँग आग्रह गरिरहेको बताउनुभयो।

केही समय मात्र अघिसम्म विपीन जीवितै रहेको भन्ने सूचना प्राप्त भएकाले रिहाइको पहललाई आफूले सशक्त रुपमा अघि बढाएको र संयुक्त राष्ट्रसङ्घ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चका साथै द्विपक्षीय एवं बहुपक्षीय बैठकहरुमा अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरिएको उहाँले जानकारी दिनुभयो।

**सार्क हामीले मात्र चाहेर सक्रिय हुँदैन, प्रयास जारी छ**

मन्त्री डा राणाले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्क नेपालले मात्र चाहेर सक्रिय बनाउन नसकिने स्पष्ट गर्दै तर पनि सार्कलाई गति दिनका लागि पहल भने जारी राखिएको स्पष्ट गर्नुभयो।

उहाँले भन्नुभयो, "हामीले मात्र चाहेर सार्क सक्रिय बनाउन सकिने होइन। सार्कको बडापत्रमा नै सबै सदस्य राष्ट्रका राष्ट्र तथा सरकार प्रमुखको सहमतिमा मात्र यसको शिखर सम्मेलन हुन्छ भनिएको छ। सबै सदस्य राष्ट्रका तयार नभएकाले नै सार्कले गति नलिएको हो। तर अध्यक्षका नाताले नेपालले गर्ने पहल र प्रयास गरिरहेकै छ।"

सार्कको शिखर सम्मेलन मात्र हुन नसकेको तर अन्य कार्यक्रम तथा बैठक भने भइरहेको उहाँले बताउनुभयो। आफूले संयुक्त राष्ट्रसङ्घीय महासभाका क्रममा पनि सार्कका विदेशमन्त्रीहरुको बैठकका लागि पहल गरेको पनि उहाँले बताउनुभयो।

**ओएनएममार्फत परराष्ट्रको संरचना परिवर्तन**

मन्त्री डा राणाले परराष्ट्र मन्त्रालयले आफ्नो आवश्यकताअनुसार नै सङ्गठनात्मक सर्वे (ओएनएम) गरेको र यसबाट नेपाली डायस्पोरालाई सेवा दिन तथा अन्य कूटनीतिक सम्बन्ध विस्तारका क्षेत्रमा आगामी दिनमा सहयोग पुग्ने पनि जानकारी दिनुभयो।

उहाँले कतिपय मिसनमा आवश्यक जनशक्तिको अभावमा नेपाली नागरिकले त्यहाँ सेवा पाउन नसक्नुभएको तथा कतै मिसन विस्तार गर्नुपर्ने आवश्यकता रहेको बताउँदै यो नयाँ ओएनएमले यी सबै समस्याको समाधान गर्ने पनि बताउनुभयो।

उहाँले कतिपय शाखा महाशाखाहरुमा पनि परिवर्तन गरिने र आर्थिक कूटनीतिको अवधारणालाई आगामी दिनमा मूर्तरुप दिएर अन्य सरोकारवाला मन्त्रालयको सहभागितामा महाशाखा नै स्थापना गरेर अघि बढ्न कार्ययोजना बनाइने उहाँले जानकारी दिनुभयो।

मन्त्री डा राणाले पासपोर्ट सेवा अहिले चुस्तदुरुस्त रहेको र पासपोर्ट खरिदका लागि आवश्यक प्रक्रियागत जटिलताका बाबजुद बोलपत्रमार्फत समयमै उपलब्ध गराउने प्रक्रिया सुरु भएको जानकारी दिनुभयो।

समिति सभापति राजकिशोर यादवको अध्यक्षतामा भएको बैठकमा सांसदहरु विमलेन्द्र निधि, पशुपतिशम्शेर जबरा, प्रेम सुवाल, मोहन आचार्य, योगेश गौचन थकाली, सुनिता बराल र दामोदर पौडेल वैरागीले मन्त्रालयसँग सम्बन्धित काम कारबाहीका बारेमा जिज्ञासा राख्दै राष्ट्रिय हितमा परराष्ट्र नीति कार्यान्वयन गर्नुपर्ने सुझाव दिनुभएको थियो।रासस

# मन्त्रिपरिषद् निर्णय सार्वजनिक: राष्ट्रपतिसमक्ष पाँच अध्यादेश सिफारिस

काठमाण्डु । सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पाँच वटा अध्यादेश जारी गर्न सिफारिस गरेको छ।

मन्त्रिपरिषद्को गत शुक्रबारको बैठकले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१,' आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१', आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व(पहिलो संशोधन), २०८१', निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन, २०८१ गर्न बनेको अध्यादेश' जारी गर्न राष्ट्रपतिसमक्ष पेस गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रिपरिषद् बैठकका निर्णय सोमबार सार्वजनिक गर्दै 'समृद्धिका लागि वन परियोजना' लागि विश्व बैंकबाट प्राप्त हुने रु एक अर्ब ६३ करोड अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिनुभयो।

उक्त बैठकले नागरिक लगानी कोषको चुक्ता पुँजी वृद्धि गरी रु छ अर्ब ४८ करोड १७ लाख १२ हजार २ सय ५० कायम गर्न स्वीकृति दिएको, चालु आर्थिक वर्षका लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु तीन हजार आठ सय६७/३८ निर्धारण गरेको छ।

सरकारका प्रवक्ताका अनुसार संयुक्त बजार अनुगमन निर्देशिका २०६९, शहीदका परिवारलाई पेट्रोलियम पदार्थको विक्रेता नियुक्त गर्दा र टैंक ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिनेसम्बन्धी कार्यविधि २०६७ र उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि २०७८ खारेज गर्ने निर्णय गरेको छ।

बैठकले राजस्व न्यायाधिकरण काठमाडौँको कानुन अध्यक्ष पदमा उच्च अदालत पाटनका न्यायाधीश ब्रजेश प्याकुरेललाई, विशेष अदालत काठमाडौँको सदस्यमा उच्च अदालत पाटनका न्यायाधीश विदुर कोइरालालाई नियुक्त गर्ने तथा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका १५ जना अधिकृतलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने र नौ जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई गर्ने निर्णय गरेको छ।




> सरकारका प्रवक्ताका अनुसार संयुक्त बजार अनुगमन निर्देशिका २०६९, शहीदका परिवारलाई पेट्रोलियम पदार्थको विक्रेता नियुक्त गर्दा र टैंक ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिनेसम्बन्धी कार्यविधि २०६७ र उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि २०७८ खारेज गर्ने निर्णय गरेको छ ।

सरकारले अध्यागमनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो।

प्रहरी नायब महानिरीक्षकहरू कुवेर कडायत र रवीन्द्र केसीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने निर्णय गरेको छ।

यसैगरी बैठकले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्ने निर्णय गरेको छ। सरकारको नाममा दर्ता रहेको रुपन्देही जिल्ला साविक लुम्बिनी आदर्श गाविस को ३-१०-११ बिघा सरकारी प्रकृतिको जग्गा लुम्बिनी सांकृतिक नगरपालिका, रुपन्देही र पर्सा जिल्ला साबिक विजबनिया गाविसको ०-१०-० बिघा सरकारी जग्गा जगरनाथपुर गाउँपालिका, पर्सालाई उपयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ। सरकारले पारमाणविक पदार्थको नियमनसम्बन्धी निर्देशिका, २०७२ खारेज गरेको छ।

बैठकले सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने र श्रम, रोजगार तथा सामाजिक सुरक्षा र पर्वतारोहणसम्बन्धी (छैटौँ संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ।

सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा सहसचिव बाबुराम अधिकारी र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा सहसचिव मदन भुजेललाई कायम मुकायम मुकरर गर्ने निर्णय गरेको छ।

यसैगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको विदेश भ्रमण स्वीकृत भएको छ।

श्रममन्त्री भण्डारी आगामी माघ १६ देखि १७ गतेसम्म साउदी अरबको रियादमा आयोजना हुने विश्वव्यापी श्रम बजार सम्मेलनको मन्त्रिस्तरीय गोलमेच बैठक तथा खेलकुदमन्त्री चौधरी माघ ६ गते मलेसियामा आयोजना हुने थारु वार्षिक दिवसमा सहभागी हुन बैठकले स्वीकृति दिएको छ।रासस

# 'सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयकको मस्यौदा तयारीको अन्तिम चरणमा छ'

काठमाण्डु । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको सोमबारको बैठकमा सांसदहरूले सामाजिक सञ्जाललाई व्यवस्थित गराउने विषयमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङको ध्यानाकर्षण गराउनुभएको छ। उहाँहरूले सूचना प्रविधिको विकासले वाक स्वतन्त्रतालाई सहज बनाए पनि यसलाई मर्यादित बनाउन आवश्यक रहेकामा जोड दिनुभयो।

सोमबार सिंहदरबारमा बसेको बैठकमा सांसदहरूको जिज्ञासामा मन्त्री गुरुङले सामाजिक सञ्जाल नियमनसम्बन्धी मस्यौदा करिब अन्तिम चरणमा पुगेको जानकारी गराउनुभयो। उहाँले मिडिया काउन्सिलसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा छलफल हुने क्रममा रहेको, 'आर्टिफिसियल इन्टेलिजेन्स (एआई)' का सन्दर्भमा अवधारणा तयार हुँदै गरेको, सूचना प्रविधि र साइबर सुरक्षा विधेयक कानुन मन्त्रालयमा पुगेको बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मुख्य सचेतक एवं सांसद महेशकुमार बर्तौलाले सामाजिक सञ्जालको जथाभावी प्रयोगका कारण झुट्टा र भ्रामक सूचनाको समस्या बढ्दै गएकाले नियमन जरूरी भएको बताउनुभयो। सांसद नैनकला थापाले पछिल्लो समय सूचना प्रविधि युवाको मुख्य रोजाइ बन्दै गएकाले सरकारले यसमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

सांसद सोविता गौतमले औषधिको विज्ञापन दिन नपाइने भनिए पनि सामाजिक सञ्जालमा जथाभावी विज्ञापन गरेर जनमानसमा गलत प्रभाव पारेका विषयमा ध्यानाकर्षण गराउनुभयो। सांसदहरू रञ्जुकुमारी झा, नागिना यादव, पूर्णबहादुर घर्तीलगायतले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै सामाजिक सञ्जाललाई व्यवस्थापन गर्न आवश्यक रहेको बताउनुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले सामाजिक सञ्जाल नियमन गर्ने विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत भई छलफलमा जाने प्रक्रियामा रहेको जानकारी दिनुभयो। "हामीले सामाजिक सञ्जाल नियन्त्रण गर्ने नभई त्यसमा पोष्ट हुने कन्टेन्टमाथि नियमन गर्न खोजेका हौँ । विधेयक अगाडि बढ्ने प्रक्रियामा छ", उहाँले भन्नुभयो।



**प्रेस काउन्सिल ऐन खारेजीका लागि सहमति**

बैठकमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको दफा २१ मा रहेको प्रेस काउन्सिल ऐन, २०४८ मा संशोधन गर्न खोजिएको दफा हटाउने प्रस्तावमा सहमति जुटेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव अर्यालले समितिमा राखेको प्रस्तावमाथि सहमति जुटेको सभापति विमला सुवेदीले जानकारी दिनुभयो।

समितिमा आमन्त्रित कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मिडिया काउन्सिल विधेयक पारित हुने प्रक्रियामा रहेको भन्दै प्रेस काउन्सिल ऐन, २०४८ को औचित्य नरहेको स्पष्ट पार्नुभयो।रासस

# राष्ट्रपतिद्वारा निर्माणाधीन संसद् भवन अवलोकन



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सिंहदरबार परिसरमा निर्माणाधीन सङ्घीय संसद् भवनको निरीक्षण गर्नुभएको छ। उहाँलाई प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले स्वागत गर्नुभयो।

त्यसअवसरमा शहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले रू पाँच अर्ब ६७ करोड २७ लाखको लागतमा निर्माणाधीन भवनको भौतिक प्रगति ८४ प्रतिशत र वित्तीय प्रगति ७३ दशमलव ०४ प्रतिशत भएको जानकारी दिनुभयो । संसद्को वर्षे अधिवेशन नयाँ भवनमा गर्नेगरी काम भइरहेको उहाँले बताउनुभयो।

भवनको आन्तरिक साजसज्जाका लागि रु दुई अर्ब ३४ करोड ५४ लाखमा सम्झौता भएको छ । हालसम्म भवनको २५ प्रतिशत सजावट भएको छ।रासस

# 'अस्पतालको पहिचान सेवाको गुणस्तरका आधारमा हुनुपर्छ'

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अस्पतालको पहिचान सेवाको गुणस्तरका आधारमा हुनुपर्ने बताउनुभएको छ।

राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग आज भएको छलफलमा उहाँले अस्पतालले सेवा चुस्त र दुरुस्त राख्नुपर्ने बताउँदै सेवा शुल्क देखिने गरी टाँस्नुपर्ने बताउनुभयो । मन्त्री पौडेलले भन्नुभयो, "अस्पताललाई समृद्ध बनाउनु त छ नै, हामीले विशेष गरी निरोधात्मक क्षेत्रमा काम गर्न खोजिरहेका छौँ । रोग लाग्नै नदिन प्रयास गरिरहेका छौँ।"

उहाँका अनुसार स्वास्थ्य मन्त्रालयले औषधि व्यवस्था ऐन, स्वास्थ्य सेवा ऐन र अस्पताल विकास समिति ऐन ल्याउने तयारी गरिरहेको छ । "सोह्रौँ योजनालाई समेटेर योजना बनाइरहेका छौँ। प्रक्रियागत जटिलताका कारण बजेटमा व्यवस्था भएका कतिपय कुराहरु पूरा हुन सकेको छैन", उहाँले भन्नुभयो।

छलफलमा सहभागी सांसद श्रीकृष्णप्रसाद अधिकारीले विभिन्न ठूला योजनाभन्दा पनि सुरुमा जनतालाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले अस्पतालको सेवा प्रवाहका बारेमा अनुगमन आवश्यक रहेको बताउनुभयो।

सांसद पदमबहादुर परियारले वैकल्पिक चिकित्सा प्रणाली र योगध्यानलाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो। रासस

# भारतीय प्रधानमन्त्रीद्वारा चीन सीमा क्षेत्रतर्फको रणनीतिक सुरुङ उद्घाटन

**एएफपी**

श्रीनगर ।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार एक रणनीतिक हिमाली सडक सुरुङको उद्घाटन गर्नुभएको छ । उक्त सडकले प्रतिद्वन्द्वी चीन र पाकिस्तानसँगको विवादित उच्च-भूमि सीमा क्षेत्रहरूतर्फ सबै मौसममा पहुँच पुर्‍याउने छ ।



छ दशमलव चार किलोमिटर (चार माइल) लामो र वर्षको चारदेखि छ महिनासम्म हिउँले बन्द हुने खतरनाक पर्वत भञ्ज्याङमुनि फैलिएको जेड-मोड वा सोनमार्ग सुरुङ सीमा क्षेत्रहरूमा व्यापक पूर्वाधार अभियानको एक हिस्सा हो ।

यसले भारत-प्रशासित काश्मीरलाई लद्दाखसँग जोड्न मद्दत गर्छ र सैन्य आपूर्तिको द्रुत परिचालन सम्भव बनाउन श्रीनगर-लेह राजमार्गलाई वर्षभरि खुला राख्न सघाउँछ ।

"यहाँ सुरुङको उद्घाटनसँगै कनेक्टिभिटी उल्लेखनीय रूपमा सुधार हुनेछ", एक दशक लागेको ३१ करोड ३० लाख डलरको यस परियोजनाको रिबन काटेर चिसोबाट जोगिन ज्याकेट लगाउनुभएका प्रधानमन्त्री मोदीले भन्नुभयो ।

विश्वका दुई सबैभन्दा बढी जनसंख्या भएका राष्ट्रहरू भारत र चीन दक्षिण एसियामा रणनीतिक प्रभावका लागि प्रतिस्पर्धा गर्ने तीव्र प्रतिद्वन्द्वी हुन् र उनीहरूको तीन हजार पाँच सय किलोमिटर साझा सीमा तनावको स्थायी स्रोत बनेको छ ।

सन् २०२० मा दुवै देशका सेनाहरू बीच झडप हुँदा कम्तीमा २० भारतीय र चार चिनियाँ सैनिक मारिए र दुवै पक्षका सेनाहरू आज विवादित उच्च-भूमि सीमा क्षेत्रहरूमा आमनेसामने छन् ।

चिनियाँ राष्ट्रपति सी जिनपिङ र मोदीबीच पाँच वर्षमा पहिलो औपचारिक बैठक हुनुभन्दा केही समयअघि बेइजिङ र नयाँदिल्ली अक्टोबरमा विवादित क्षेत्रहरूमा गस्ती गर्न सहमत भएका थिए ।

सोही मार्गमा रहेको अर्को १३ किलोमिटर लामो जोजिला सुरुङ आधाभन्दा बढी सम्पन्न भएको छ र सन् २०२६ मा खुल्ने सूचना मन्त्रालयले जनाएको छ ।

जेड-मोड सुरुङमा अक्टोबरमा बन्दुकधारीहरूले सात कामदारको हत्या गरेका थिए । यो विवादित काश्मीरमा दशकौँदेखि चलिरहेको विद्रोहको हिस्सा थियो ।

मुस्लिम बहुल काश्मीर सन् १९४७ मा ब्रिटिश शासनबाट स्वतन्त्रता प्राप्त गरेपछि भारत र पाकिस्तानबीच विभाजित भएको छ र दुवै देशले यस हिमाली क्षेत्रमाथि पूर्ण दाबी गर्छन् । विद्रोही समूहहरूले काश्मीरको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दछन् ।

भारतले विश्वकै सबैभन्दा अग्लो चेनाब रेल पुल निर्माणसहित मैदानी भू-भागलाई पहिलो पटक काश्मीरसँग जोड्ने तीन अर्ब ९० करोड डलरको रेलमार्ग पनि निर्माण गरेको छ ।

दुई सय ७२ किलोमिटर लामो रेलमार्ग सेनाको उत्तरी कमान्डको मुख्यालय रहेको ग्यारिसन सहर उधमपुरबाट सुरु भई क्षेत्रको राजधानी श्रीनगरसम्म पुग्छ ।

# ट्रम्पको पुनरागमनपूर्व इरान र युरोपेली शक्तिबीच आणविक वार्ता हुने

**एएफपी**

जेनेभा । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले कार्यभार सम्हाल्नुभन्दा एक साताअघि इरानले फ्रान्स, बेलायत र जर्मनीसँग सोमबारदेखि आणविक परामर्श वार्ता गर्ने भएको छ ।

गत नोभेम्बरमा स्विट्जरल्याण्डको जेनेभामा तेहरान र तीन युरोपेली शक्तिराष्ट्रबीच भएको बुद्धिमत्तापूर्ण बैठकपछि दुई महिनाभन्दा कम समयमा इरानको आणविक कार्यक्रमबारे भएको यो दोस्रो चरणको वार्ता हो ।

जर्मनीको विदेश मन्त्रालयले एएफपीसँगको कुराकानीमा भनेको छ, "यो वार्ता होइन ।" इरानले पनि यस पहललाई 'परामर्श' मात्र भएको बताएको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बाकाईले सोमबार र मङ्गलबार हुने छलफलमा विभिन्न विषयमा आफ्ना-आफ्ना राय प्रकट हुने बताउनुभएको छ ।

"यी परामर्श वार्ताको मुख्य उद्देश्य इरानमाथि लगाइएको प्रतिबन्ध हटाउनु हो", उहाँले भन्नुभयो, "इरानले पनि यो कुरा सुनिरहेको छ । यहाँ विपरीत पक्षहरूले विषयहरू उठाउन चाहन्छन्।"

बिहीबार फ्रान्सको विदेश मन्त्रालयले फ्रान्स, बेलायत र जर्मनीले इरानी आणविक कार्यक्रमको कूटनीतिक समाधानका लागि काम गरिरहेको र यसको प्रगति अत्यन्त समस्याग्रस्त रहेको सङ्केत भएको बताएका छन् ।



जनवरी २० मा ह्वाइट हाउसमा ट्रम्पको आसन्न पुनरागमनको आलोकमा इरानको आणविक कार्यक्रमले नयाँ ध्यान केन्द्रित गरिरहेको बेला यो वार्ता भएको हो ।आफ्नो पहिलो कार्यकालमा ट्रम्पले इरानविरूद्ध 'अधिकतम दबाब' को नीति अपनाउनुभएको थियो भने अन्ततः इरानको आणविक कार्यक्रममाथि प्रतिबन्ध लगाउने ऐतिहासिक आणविक सम्झौताबाट अमेरिकालाई फिर्ता गर्नुभएको थियो ।

तेहरानले वासिङ्टनको बहिर्गमनसम्म सम्झौताको पालना गरेपनि पछि क्रमिकरूपमो आफ्नो प्रतिबद्धताबाट फिर्ता भएको थियो ।त्यसपछि, पटकपटक भएका वार्ताहरूमा सन् २०१५ को आणविक सम्झौतालाई पुनर्जीवित गर्ने प्रयास असफल भएको छ र युरोपेली अधिकारीहरूले सम्झौतालाई तेहरानले पालना नगरेकोमा बारम्बार निराशा व्यक्त गर्दै आएका छन्।

गत साता फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले इरानको आणविक कार्यक्रमले हामीलाई 'ब्रेकिङ प्वाइन्ट' को नजिक पुर्‍याइरहेको छ भन्नुभएको थियो । इरानले उक्त टिप्पणीलाई 'आधारहीन' र 'छलपूर्ण' भन्दै आलोचना गरेको थियो ।

गत डिसेम्बरमा बेलायत, जर्मनी र फ्रान्सले तेहरानले कुनै विश्वसनीय आधारविना उच्च संवर्धित युरेनियमको भण्डारण 'अभूतपूर्व स्तरमा' बढाएको आरोप लगाएका थिए।

"इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्न सबै कूटनीतिक उपकरणहरू प्रयोग गर्ने हाम्रो दृढतालाई हामी दोहोर्‍याउँदछौं र 'ढिलो नगरी फिर्ता' गर्नुपर्नेमा पनि जोड दिन्छौं," विज्ञप्तिमा भनिएको छ।

सम्झौताको एक आधारसन् २०१५ मा भएको ज्वाइन्ट कम्प्रिहेन्सिभ प्लान अफ एक्सन (जेसीपीओए) को एउटा अंशले हस्ताक्षरकर्ताहरुलाई प्रतिबद्धताको 'महत्वपूर्ण गैर-कार्य' सम्बन्धी मामलामा इरानमाथि संयुक्त राष्ट्र सङ्घको प्रतिबन्धहरू पुनः लागू गर्न अनुमति दिन्छ। यस संयन्त्रलाई नियन्त्रण गर्ने विकल्प गत वर्षको अक्टोबरमा समाप्त भएको छ त्यसैले परामर्श वार्ताले जारी कूटनीतिक प्रयासहरूमा तात्कालिकतालाई थपेको छ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) को आणविक निगरानी निकायका अनुसार इरानले आफ्नो संवर्द्धित युरेनियमको उत्पादनमा वृद्धि गरेको छ । इरान ६० प्रतिशतसम्म युरेनियम संवर्द्धित गर्ने एक मात्र गैर-आणविक हतियार राष्ट्र हो । युरेनियम संवर्द्धनको यो स्तर आणविक बम निर्माणका लागि जरूरी ९० प्रतिशत आवश्यकता पूरा हुन्छ ।

इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको बताउँदै आएको छ र आणविक हतियार विकास गर्ने कुनै पनि मनसायलाई अस्वीकार गर्दै आएको छ ।उसले पटक-पटक सम्झौतालाई पुनर्जीवित गर्ने इच्छा पनि व्यक्त गरेको छ ।

गत जुलाईमा पदभार ग्रहण गरेका राष्ट्रपति मसूद पेजेस्कियानले उक्त सम्झौतालाई पुनर्जीवित गर्ने पक्षमा रहेको बताउँदै आफ्नो देशको एक्लोपन अन्त्य गर्न आह्वान गर्नुभएको छ ।

हालै चीनको सिसिटिभीलाई दिएको अन्तर्वार्तामा विदेशमन्त्री अब्बास अराघचीले पनि रचनात्मक वार्तामा संलग्न हुन इच्छुक रहेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, " इरानको आणविक कार्यक्रममाथि विश्वास बढाउने प्रतिबन्ध हटाउने बदलामा हामी जुन सूत्रमा विश्वास गर्छौं त्यो जेसीपीओएको अघिल्लो सूत्रसँग मिल्दोजुल्दो छ ।

## लस एन्जलस आगलागी:

# विस्थापितलाई घर फर्काउन कम्तिमा बिहीबारसम्म लाग्ने

**एएफपी**

लस एन्जलस । लस एन्जलसमा लागेको भीषण डढेलो र आगलागीका कारण आफ्नो घरबाट विस्थापित भएका दर्शौं हजार मानिस कम्तीमा चार दिनसम्म घर फर्कन नसक्ने अधिकारीहरूले आइतबार बताएका छन् ।

आगलागीमा परी मृत्यु हुनेको संख्या आइतबार रातिसम्म २४ पुगेको छ भने विस्तथापितको सर्‍या करिब एक लाखको हाराहारीमा रहेको छ । यस पहिले करिब एक लाख ८० हजारभन्दा बढी व्यक्ति विस्थापित भएकोमा कम जोखिम रहेका क्षेत्रमा मानिसहरू फर्किसकेका छन् ।



पलिसेड्स फायर र इटन फायरको बीचमा बन्द गरिएको खतरा क्षेत्रमा प्रवेश गर्ने आशामा निराश विस्थापितहरूले चेकप्वाइन्टहरूमा लाइनहरू बनाएका छन् ।धेरै जना घर फर्कन आतुर छन् किनकि उनीहरूले केही क्षणको सूचना पाएर औषधि वा लुगाफाटा मात्रै लिएर घर छोडेका थिए ।

कतिपय घरमा छुटेका वृद्ध तथा अशक्त परिवारका सदस्यको अवस्थाबारे जानकारी पाउन उत्सुक छन् ।

लस एन्जलस काउन्टीका अग्नि नियन्त्रक एन्थोनी मारोनले आइतबार भन्नुभयो, "यस हप्ता हावाहुरीको पूर्वानुमानले आगलागीको आपतकालीन अवस्था अझै सकिएको छैन ।"उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो, "उनीहरु घर जान सक्दैनन्, किनभने अझै वस्तीहरू सुरक्षित छैनन् ।"

उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो बासिन्दाहरूलाई उनीहरूको घरमा फिर्ता ल्याउनु हाम्रो सामूहिक प्राथमिकता हो।"

बुधबारसम्म चल्ने तीव्र बतासलाई सङ्केत गर्दै उहाँले भन्नुभयो, "यो कुराकानी अनुमानित रेड फ्ल्याग इभेन्टको अन्त्यसम्म हुने छैन ।"

उहाँले भन्नुभयो, "कृपया निश्चिन्त हुनुहोस् । बिहीबार हामी पुनरुत्थानको बारेमा कुरा सुरु गर्नेछौं।"

आफ्नो नाम जेनेल बताउने एउटी महिलाले आफ्नो घर आगोले जलेको थाहा पाएको तर प्रत्यक्ष नदेखेको बताउँदै आफ्नो दुःख ले आर्जन गरेको सम्पत्तीको प्रत्यक्ष जानकारी लिन चाहेको बताउनुभयो । उहाँले भन्नुभयो, "म फोटोहरू देखेको छु । भिडियोहरू पनि देखेको छु तर म यसलाई प्रत्यक्ष घटनास्थलमा पुगेर हेर्न र यसबारे मनमा रहेको आशालाई निर्मूल पार्न चाहन्छु।"

सम्पादक हेनरी लेभिन्सन प्यासिफिक पालिसडेस छिमेकमा रहेको आफ्नो घर जाने कोसिस गरिरहनुभएको छ तर अग्निनियन्त्रकहरूले त्यहाँ जान रोकेका छन् । उनीहरूले अझै पनि हुरी लाग्न सक्ने र आगो फैलिन सक्नेबारे चिन्ता व्यक्त गरेका छन् ।

लस एन्जलस सिटी काउन्सिलर ट्रेसी पार्कले प्रभावितको पीडा आफूले बुझेको तर अवस्था निकै खतरनाक रहेको बताउनुभयो । "यो कठिन निर्णय हो र मलाई थाहा छ कि मेरा धेरै घटकहरू निराश छन्, तर सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकता रहनुपर्छ," उहाँले भन्नुभयो ।

गत हप्ता एक लाख ८० हजारको हाराहारीमा रहेका अग्नि नियन्त्रक क्षेत्रमा करिब एक लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आदेश दिइएको छ ।

डढेलोको चपेटामा परेका क्षेत्रहरू तहसनहस भएका छन्, पूरै सडकहरू खरानीमय बनेका छन् र पूर्वाधारहरू नराम्ररी ध्वस्त भएका छन्।

लस एन्जलस काउन्टीका शेरिफ रोबर्ट लुनाले जोखिमको सम्भावनालाई सङ्केत गर्दै आफु मातहतका प्रहरी अधिकारीले मानिसहरुलाई डढेलो र आगलागी क्षेत्रबाट बाहिर राख्न निर्देशन दिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यी मध्ये धेरै क्षेत्रहरू अझै पनि भग्नावशेषकै अवस्थामा रहेका छन् । विद्युत बगिरहेका बिजुलीका तार, ग्याँस लाइन र अन्य खतराका कारण बस्तीमा प्रवेश सहज छैन ।"

# चीन र रुसबीच सन् २०२४ मा रेकर्ड व्यापार : भन्सार तथ्याङ्क

**एएफपी**

बेइजिङ । चीन र रुसबीच गत वर्ष व्यापार रेकर्ड उचाइमा पुगेको सोमबार सार्वजनिक भएको आधिकारिक तथ्याङ्कले देखाएको छ । यसले मस्कोमाथि पश्चिमी प्रतिबन्धहरू हुँदाहुँदै पनि दुई देशबीचको बलियो आर्थिक सम्बन्धलाई प्रतिबिम्बित गर्दछ ।



चीनको भन्सार प्रशासन महाशाखाले प्रकाशित गरेको तथ्याङ्कअनुसार सन् २०२४ मा रुससँगको कूल आयात र निर्यात दुई खर्ब ४४ अर्ब ८० करोड डलर पुगेको छ । यो सन् २०२३ को दुई खर्ब ४० अर्ब १० करोड डलरको तुलनामा केही बढी हो ।

गत वर्षको वृद्धिले ठूला छिमेकी देशहरू बीचको व्यापारलाई ऐतिहासिक उच्च विन्दुमा पुर्‍यायो । यद्यपि यो अघिल्लो वर्ष रेकर्ड गरिएको २६ दशमलव तीन प्रतिशतको वार्षिक वृद्धिभन्दा निकै कम थियो ।

सन् २०२२ को सुरुमा रुसले युक्रेनमा आक्रमण गरेपछि बेइजिङ र मस्कोबीचको राजनीतिक र आर्थिक सम्बन्ध गहिरो भएको छ । उक्त सम्बन्धलाई राज्य अमेरिका र अन्य पश्चिमी राष्ट्रहरूबाट व्यापक आलोचना गरिएको छ र उनीहरूले प्रतिक्रियामा कडा प्रतिबन्धहरू लागू गरेका छन् ।

चीनले सङ्कटमा आफूलाई तटस्थ पक्षको रूपमा राख्न खोजेको छ र मस्कोको आक्रमणको निन्दा गर्न बारम्बार अस्वीकार गरेको छ ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले हालै रुसी समकक्षी भ्लादिमिर पुटिनलाई नयाँ वर्षको सन्देशमा दुवै मुलुक 'गुटनिरपेक्षताको सही मार्गमा निरन्तर हात मिलाएर अगाडि बढेका छन्' भन्नुभएको छ ।

यसैबीच सन् २०२४ मा विश्वको शीर्ष दुई अर्थतन्त्र चीन र अमेरिकाबीचको व्यापार तीन दशमलव सात प्रतिशतले बढेर छ खर्ब ८८ अर्ब ३० करोड डलर पुगेको चिनियाँ भन्सार तथ्याङ्कले देखाएको छ।

आफ्नो पहिलो कार्यकालमा चीनमाथि व्यापक शुल्क लगाउने अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा आफ्नो दोस्रो कार्यकालमा अर्को हप्ता सुरु हुने गरी अझ बढी आक्रामक व्यापारिक कदमहरूको धम्की दिनुभएको छ ।

# युक्रेनसँगको युद्धमा ३०० उत्तर कोरियाली सैनिकको मृत्यु

**एएफपी**

सियोल । युक्रेनसँगको युद्धमा ३०० उत्तर कोरियाली सैनिकको मृत्यु भएको दक्षिण कोरियाली अधिकारीले बताएका छन् ।

रूसले युक्रेनविरुद्धको युद्धमा करिब ३०० उत्तर कोरियाली सैनिकको मृत्यु हुनुका साथै दुई हजार ७०० जना घाइते भएको दक्षिण कोरियाली सांसदले सोमबार सियोलको गुप्तचर निकायबाट प्राप्त जानकारीलाई उद्धृत गर्दै बताउनुभएको छ ।

सियोलले यसअघि उत्तर कोरियाली नेता किम जोङ उनले प्योङ्याङको भारी प्रतिबन्धित हतियार र स्याटेलाइट कार्यक्रमका लागि रूसी प्राविधिक सहयोगको बदलामा मस्कोलाई किएभविरुद्ध लड्न १० हजारभन्दा बढी सैनिक पठाएको दाबी गरेको थियो ।

सप्ताहन्तमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले किएभले दुई जना उत्तर कोरियाली सैनिकलाई पक्राउ गरेको र घाइते लडाकुलाई सोधपुछ गरिएको भिडियो सार्वजनिक गर्दै पक्राउ परेका युक्रेनी सैनिकका लागि कैदी साटासाटको सम्भावना बढाएको बताउनुभएको थियो ।

"रूसमा उत्तर कोरियाली सेनाको तैनाथी कुर्स्क क्षेत्रलाई समेट्ने गरी विस्तार गरिएको छ, उत्तर कोरियाली सेनाको हताहत तीन हजार नाघेको अनुमान गरिएको छ," सांसद ली सियोङ-क्वेनले जासूसी एजेन्सीको ब्रिफिङपछि पत्रकारहरूलाई भन्नुभयो ।

सियोलको नेसनल इन्टेलिजेन्स सर्भिसको ब्रिफिङपछि लीले भन्नुभयो, "यसमा करिब ३०० जनाको मृत्यु र दुई हजार ७०० जना घाइते भएका छन् ।उत्तर कोरियाको 'स्टोर्म कोर'का ती सैनिकलाई बन्दी बनाउनुको साटो आत्महत्या गर्न आदेश दिइएको लीले बताउनुभयो ।

# इस्पात सम्झौता सम्बन्धमा बाइडेनसँग जापानी प्रधानमन्त्रीद्वारा 'कडा' चिन्ता व्यक्त

**एएफपी**

टोकियो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग निप्पोन स्टिलले अमेरिकी स्टिल कम्पनीलाई खरिद् गर्ने सहमति अनुसार काम अघि बढ्न नदिनुले दुवै देशमा 'कडा' चिन्ता उत्पन्न भएको बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी स्टील कम्पनीलाई जापानको निप्पोन स्टिललाई बिक्री गर्ने प्रस्तावको विपक्षमा आफू रहेको बताउनुभएको छ ।राष्ट्रिय सुरक्षाको कारण देखाउँदै बाइडेनले निप्पोन स्टिलले यसै महिनाको सुरुमा यूएस स्टीलको १४.९ अर्ब अमेरिकी डलरमा खरिद गरेको निर्णयलाई अस्वीकार गर्नुभएको थियो ।



"मैले जापानमा मात्र होइन, अमेरिकी व्यापारिक समुदायमा पनि चिन्ताको सशक्त आवाज उठिरहेको बताएको छु र राष्ट्रपति बाइडेनलाई ती भावना हटाउन आग्रह गरेको छु," इशिबाले सोमबार पत्रकारसँगको कुराकानीपछि सञ्चारकर्मीसँग भन्नुभयो । जापानी कम्पनीलाई अधिग्रहण गर्न रोक्नु अत्यन्त असामान्य छ र दुवै कम्पनीले आफ्नो कार्यकालको अन्तिमतिर रहनुभएका अमेरिकी राष्ट्रपतिलाई ' अवैध हस्तक्षेप' को आरोप लगाउँदै कानुनी प्रक्रिया अघि बढाएका छन् ।

निप्पोन स्टिलले यस अधिग्रहणलाई सङ्घर्षरत आफ्नो अमेरिकी प्रतिद्वन्द्वी कम्पनीका लागि नयाँजीवनको रूपमा व्याख्या गरेको थियो । तर आलोचकहरूले जापानी समूहले यसको आश्वासनको बावजुद विपरीत जाने र रोजगारी कटौती गर्ने चेतावनी दिएका छन् ।

सन् २०२३ मा घोषणा गरिएको यो अधिग्रहण गत वर्षको अमेरिकी राष्ट्रपति चुनावको दौडानमा चर्चामा आएको थियो र यो राजनीतिक 'फ्ल्यासप्वाइन्ट' साबित भएको थियो।

अमेरिकी राष्ट्रपतिय निर्वाचनमा महत्वपूर्ण र प्रतिस्पर्धात्मक मानिएको पेन्सिलभेनिया (स्विङ राज्य) मा यूएस स्टील रहेको छ । निर्वाचनका समय रिपब्लिकन नेता डोनाल्ड ट्रम्प र उहाँका प्रतिद्वन्द्वी कमला ह्यारिस दुवैले कम्पनी लेनदेनको विरोध गरेका थिए ।

सन् २०२३ मा जापानी कम्पनीहरूले संयुक्त राज्य अमेरिकामा करिब ८०० अर्ब अमेरिकी डलर लगानी गरेका थिए, जुन अन्य कुनै पनि देशको तुलनामा बढी हो । यो अमेरिकामा भएको विदेशी लगानीको १४.३ प्रतिशत हो ।अमेरिकी कम्पनीहरू पनि जापानमा सबैभन्दा ठूलो बाह्य लगानीकर्ता हुन् ।

दक्षिण चीन सागरको विवादित क्षेत्रमा चीनले आफ्नो उपस्थिति देखाउँदै त्यसको प्रतिकार गर्न चाहेको वासिङ्टनका लागि जापान पनि रणनीतिक साझेदार हो ।

दुवै स्टिल कम्पनीले आइतबार अमेरिकी अधिकारीहरूले अधिग्रहणको लागि जुन १८ सम्मको समयसीमा बढाएको बताएका छन्।जनवरी २० मा अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्पको शपथग्रहण समारोहमा सहभागी हुने जापानका विदेशमन्त्री ताकेशी इवायाले द्विपक्षीय सम्बन्धको 'व्यापक तस्वीर'लाई कमजोर नपार्नु महत्वपूर्ण भएको बताउनुभयो ।

इवायाले वासिङ्टनमा रहँदा ट्रम्पका विदेशमन्त्री मार्को रुबियोसँग वार्ता गर्ने र इशिबा र ट्रम्पबीच भेटवार्ताका लागि आधार तयार गर्ने बताउनुभएको थियो ।

क्योदो न्यूजले सरकारी स्रोतलाई उद्धृत गर्दै फेब्रुअरीको मध्यसम्ममा यो घटना हुन सक्ने जनाएको छ ।

ट्रम्पको पहिलो कार्यकालमा उहाँ र जापानका तत्कालीन प्रधानमन्त्री शिन्जो आबेबीच न्यानो सम्बन्ध थियो । गत डिसेम्बरमा ट्रम्पले आबेकी विधवा पत्नीसँग मार-ए-लागोमा भेट गर्नुभएको थियो । यसले ट्रम्पले आबेसँगको न्यानो सम्बन्धलाई निरन्तरता दिने सङ्केतका रूपमा हेरिएको छ ।

# विदेशी बजारमा कर्णालीको अदुवा



काँक्रेविहार । कर्णालीमा उत्पादित अदुवा र बेसार युरोपसम्म पुग्न थालेको छ ।

अदुवा खरिद गरेर सुर्खेतको भेरीगङ्गा नगरपालिका-५ कालिदमार स्थित अदुवा प्रशोधन उद्योगले विदेश निर्यात गर्न थालेको हो । उद्योगका अनुसार स्वदेशमा भन्दा विदेशमा अदुवाको माग धेरै छ । पहिला यहाँका किसानले उत्पादन गरेको अदुवाले बजार नपाउने समस्या थियो। कालिदमारस्थित अदुवा प्रशोधन उद्योगले अदुवा र बेसार प्रशोधन गर्न थालेपछि बजारको समस्या समाधान भएको हो।

कर्णाली तथा लुम्बिनीमा उत्पादन हुने अदुवा अर्गानिक र गुणस्तरीय भएकाले पनि युरोपमा माग धेरै भएको उद्योगका प्रबन्ध निर्देशक सुलोचना श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "बिक्रीको समस्या छैन, हामीले विदेश निर्यात गर्न थालेका छौं। किसानको उत्पादन हामी खरिद गर्छौं, अब उत्पादन बढाउने तर्फ चाहीं लाग्नुपर्छ।"

उद्योगमा बर्सेनी एक हजार पाँच सय मेट्रिकटन अदुवा र बेसार प्रशोधन हुन्छ । एक हजार चार सयभन्दा बढी अदुवा उत्पादक किसान उद्योगसँग जोडिएको कम्पनीले जनाएको छ।

चालु आवमा आठ सय ५० रोपनीभन्दा बढी जमिनमा अदुवा लगाइएको तथ्याङ्क छ। २२ लाख किलो खरिद गरेर र दुई सय ३० टन सुकेको अदुवा यूरोप पठाउने लक्ष्य कम्पनीको छ।

सात किलो आलो अदुवा सुकेपछि मात्र एक किलो सुकेको अदुवा बन्छ। कम्पनीमा एक सय ५० जना कामदार छन्। दैनिक एक सय २० जनाले काम गर्छन्। बेसार, अदुवा, अमिलोको बोक्रा, सिस्नु, दाल चिनीको पात प्रशोधन गरेर निर्यात गर्ने गरेको निर्देशक श्रेष्ठले बताउनुभयो।

डोटी, कैलाली, सुर्खेत, सल्यान र रुकुमलगायतका जिल्लामा अदुवा उत्पादन हुन्छन्। उद्योगका अनुसार सबैभन्दा बढी अदुवा उत्पादन सल्यानमा हुन्छ। सल्यानबाट एक सिजनमा एक हजार दुई सय मेट्रिकटनसम्म अदुवा ल्याउने गरिएको छ। रुकुमबाट आठ सय र सुर्खेतबाट दुई सय मेट्रिकटनसम्म अदुवा उद्योगमा ल्याउने गरिएको छ।

उद्योगले सिस्नो र टिमुर पनि प्रशोधन गर्दै आएको छ। किसानबाट सिस्नो र टिमुर पनि खरिद गर्न थालेको छ। सिस्नो र टिमुरलाई सुकाएर पाउडर बनाइन्छ। त्यसलाई प्याकिङ गरेर निर्यात गर्ने गरिएको उद्योगले जनाएको छ ।रासस

# काउली सस्तिँदा लागतसम्म नउठ्ने चिन्ता

काभ्रेपलाञ्चोक।मण्डनदेउपुरनगरपालिका-११ राम्चेबेँसीको गायत्री सापकोटालाई अहिले बारीमा फलेको काउली काट्न भ्याइनभ्याइ छ । उहाँ जस्तै गाउँका अन्यलाई काउली काट्न त, कोही बजार लैजाने तयारीमा देखिन्छन् । सापकोटाले विगतमा जस्तै यसवर्ष पनि आफ्नो खेतमा राप्नुभएको थियो, तर काउलीको मूल्य घटीरहेकामा निकै चिन्तामा परेको बताउनुहुन्छ।

"मैले बारीभरी काउली रोपेको थिएँ, अहिले मध्य सिजन भएकाले होला काउली रू १५ मा पनि बिकिरहेको छैन", लगानीसमेत नउठ्ने भयो", सापकोटाले दुःखेसो पोख्नुभयो। करिब महिनाअघिसम्म प्रतिकेजी रू एक सयसम्ममा बिक्री भएको काउली अहिले एकाएक सस्तिएपछि यहाँका किसान निकै चिन्तामा छन्। उक्त वडाका करिब एक सय ३० किसान परिवारले आफ्नो खेतबारीमा काउली रोपेका थिए । तर भाउ नपाउँदा उनीहरूको लगानी जोखिममा परेको बताइन्छ।

बारीमै छोडौं नहुने, टिपेर बजार पठाउँदा ज्याला पनि नउठ्ने भइसकेकामा स्थानीय अर्का किसान सङ्गीता सापकोटालाई पनि निकै चिन्ता पर्न थालेको छ । "यहाँ यो सिजनमा दैनिक एक हजार केजीसम्म काउली उत्पादन हुने गरेको छ, तर बजारमा राम्रो मूल्या नपाउँदा भने लगानी र ज्यालासम्म नउठ्ने भए पनि घाटा ब्याहोर्न बाध्य भइयो", उहाँले भन्नुभयो। स्थानीय व्यापारीलाई तरकारी पठाउने गरेका यहाँका किसान आफूहरूलाई पायकपर्ने स्थानमा हाटबजार राखिदिन नगरपालिकासँग अनुरोध गरेको उहाँले बताउनुभयो।

स्थानीय चिरञ्जीवी सापकोटा दम्पतीलाई पनि हालका दिनमा काउली काट्ने र बजार लैजान तयारी गरिदिन हतारोनै हुने गरेको छ। साँझ व्यापारी तरकारी लिन आउने भएकाले उहाँहरू समय मिलाएर काउली काट्न निस्कनुहुन्छ । व्यापारी तरकारी लिन बारीमै आउने र मोल नगरी लिएर जाने र बनेपा तथा काठमाडौंमा लगेर बिक्री गरेपछि आफूलाई नाफा राखेर पैसा दिने गरेको सापकोटाले बताउनुभयो । उहाँ पनि आफूले गरेको मेहनतअनुसारको आम्दानी नपाएकोमा निकै चिन्तामा परेको बताउनुहुन्छ।



"व्यापारीलाई विश्वासकै भरमा तरकारी दिन्छौं, समय नभएकाले हामी आफैं बिक्री गर्न बजार जाँदैनौं, त्यही भएर व्यापारीको भरपर्ने हो", उहाँले भन्नुभयो। उहाँले हाल व्यापारीले प्रतिकिलो काउली रू १० का दरले पैसा दिएको बताउनुभयो । सापकोटाले पाँच रोपनीमा लगाएको काउलीबाट गत वर्ष रू एक लाख ५० हजारसम्म आम्दानी गर्नुभएको थियो। तर यस वर्ष मूल्य राम्रो नपाएकाले फाइदा निकाल्न सक्ने स्थितिमा नरहेको उहाँको भनाइ छ। यस वर्ष रू ८० हजार नकट्ने उहाँको अनुमान छ। हालसम्म स्थानीय किसानले काउलीको राम्रो मूल्य पाएको प्रतिकिलो रू १७ सम्म मात्रै हो। उपभोक्ताले बजारमा काउलीको मूल्य प्रतिकिलो रू ५० रूपैयाँसम्म तिर्दा पनि यहाँका किसानले भने रू १० देखि रू १५ मात्रै पाइरहेका छन् । गतवर्ष एउटै किसानले एक सिजनमा काउली, बन्दा र गोलभेडा बेचेर रू पाँच लाखभन्दा बढी आम्दानी गरेका थिए, तर यो वर्ष रू एक लाख उठाउन पनि कठिन देखिएको स्थानीयको भनाइ छ।

सापकोटाको भनाइमा काउली फलाउन किसानले धेरै मेहनत गर्नुपर्छ, काउली रोप्न खेत वा बारी तयारी गर्ने, काउलीको बेर्ना तयारी गर्ने, रोप्ने, गोडमेल गर्ने, मलजल गर्ने, समय-समयमा कीटनाशक विषादी हाल्नेलगायत काम गर्नुपर्छ, यतिका काम गर्दा लागेको खर्च हालको बजार मूल्यले धान्न सक्दैन। "हाल किसानले प्रतिकिलो काउलीको मूल्य रू ३५ देखि ४० सम्म पाउनसके लगानी उठाउन सकिनेछ", सापकोटाले भन्नुभयो।

तरकारीबाट उचित मूल्य नपाएपछि यहाँका किसानमा निराशा छाउँदै गएको अर्का किसान कृष्णप्रसाद सापकोटा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "भारतबाट तरकारी आयात हुँदा नेपालका किसानले तरकारीको उचित मूल्य पाउँदैनन्, मौसमी काउली अहिलेको समयमा बढी उत्पादन भएकाले पनि उचित मूल्य नपाएको हो।"

राम्चेबेँसीमा हरेक वर्ष तरकारीखेती हुन्छ। यहाँका सयौं रोपनी जग्गामा किसानले मौसमी तथा बेमौसमी तरकारी रोप्दै आएका छन् । तर पछिल्ला केही वर्षयता भने मण्डनदेउपुरमा विविध कारण खेतीपातीमा लाग्ने किसान विस्तारै घट्न थालेको देखिएको छ। निकै दुःख गरेर उत्पादन गरे पनि बजारका राम्रो मूल्य नपाउँदा किसानले खेतीमा गरेको लाखौं रूपैयाँ जोखिममा पर्ने गरेको घटना देखिएका छन् । मल, बीउ समयमा नपाउने र पाइए पनि महँङ्गो तिर्नुपर्ने कारण लाखौं लगानी गर्नुपर्ने बाध्यता रहेको छ ।रासस

# तरकारीखेतीबाट वार्षिक छ लाखभन्दा बढी आम्दानी

वालिङ। यहाँका एक किसानले व्यावसायिक तरकारी खेतीबाट वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ।

स्याङ्जाको वालिङ नगरपालिका-१४ हुल्काङ्का कमलापति डुम्रेले व्यावसायिक तरकारीखेतीबाट राम्रो आम्दानी लिन सफल हुनुभएको हो। खाद्यान्न व्यवसायबाट अपेक्षाकृत आम्दानी नभएपछि उहाँ तरकारीखेतीमा होमिनुभएको हो।

एघार वर्षअघि 'प्रगतिशील कृषि फर्म' दर्ता गरी तरकारीखेती सुरु गर्नुभएका डुम्रेको हालको मुख्य आम्दानीको स्रोत नै यही हो । "समयानुसारका मौसमी तथा बेमौसमी तरकारी, बिरुवा उत्पादन गरी बिक्री गर्दै आइरहेको छु", उहाँले भन्नुभयो, "कृषिबाट नै राम्रो आम्दानी भइरहेको छ ।" डुम्रेले टनेलभित्र र बाहिरी जमिनमा बन्दा, काउली, ब्रोकाउली, सिमी, बोडी, साग, काक्रा, मुला, भेण्टा, घिरौंला, करेला, टमाटर, आलुलगायतका तरकारी उत्पादन र बिक्री गर्दै आउनुभएको छ । उहाँले हाल झण्डै छ रोपनी जमिनमा तरकारीखेती गर्दै आउनुभएको छ।

"तरकारी तथा बिरुवा बिक्रीबाट एक वर्षमा छ लाख ५० हजार आम्दानी भयो", उहाँले भन्नुभयो, "यहाँ उत्पादन भएको ताजा तरकारी बिक्रीका लागि हालसम्म कुनै समस्या भएको छैन, बिक्री भएन भन्ने चिन्ता छैन।"



स्याङ्जा र पर्वतको सिमानामा रहेको हुल्काङबाट सबैभन्दा नजिकको दुरीमा रहेको पर्वतको पैयूँ गाउँपालिकाको हातेमालो चोक बजारमा खपत हुने गरेको छ । हातेमालो चोकसँगै केही तरकारीहरु स्याङ्जाको वालिङ बजारमा खपत हुने गरेको उहाँले सुनाउनुभयो । वालिङ-हातेमालोचोक जोड्ने सडकको किनारामै भएकाले यहाँ चल्ने सवारीसाधनमार्फत बजारीकरणमा सहज भएको डुम्रेले बताउनुभयो।

डुम्रेले व्यावसायिक तरकारीखेतीसँगै बाख्रापालन, कागती, अमिला जातका फलफूलको खेती पनि गरिरहनुभएको छ ।रासस

# सुदूरको ठूलो पर्यटन पूर्वाधार, जाल्पादेवी केबलकार

काठमाण्डु । नेपाल प्रिमियर लिग क्रिकेट (एनपिएल) को फाइनलमा सुदूरपश्चिम रोयल्स पुग्नुअघि देखि नै कीर्तिपुर रङ्गशालामा अर्कै माहोल थियो। खेलको बीचबीचमा बजाइने लोकप्रिय देउडा गीत र नृत्यमा झुम्दै गरेका दर्शकहरुले सुदूरपश्चिमलाई राम्रैसँग परिचित गराएका थिए । सुदूरपश्चिम अब टाढा होइन, आम नेपालीको मनमुटुमा र केन्द्रमै छ भन्ने सन्देश त्यहाँ देखिन्थ्यो, सुनिन्थ्यो।

देशको भूगोलमा त सुदूरपश्चिम टाढै छ, तर धेरै कुरामा केन्द्रमा छ । राजनीति होस् या कला सङ्गीत, प्रशासन होस् या सुरक्षा । अनेक आयाममा राष्ट्रको केन्द्रमा छ सुदूरपश्चिम । यी क्षेत्रमा प्रायः प्रभावशाली भूमिकामै देखिन्छ यो प्रदेश । अहिले पनि सुदूरपश्चिम प्रदेशबाट सङ्घीय मन्त्रिपरिषद्मा सङ्ख्या र प्रभावका आधारमै महत्वपूर्ण जिम्मेवारीमा छन्। यसअघि पटकपटक सुदूरपश्चिमले मुलुकको शासनको बागडोर सम्हालेको त छँदैछ।

यसबाहेक संस्कृति, पर्यटन र प्रकृतिको कुरा गर्ने हो भने पनि अरूभन्दा सम्पन्न छ, सुदूरपश्चिमको भूगोल । धार्मिक पर्यटकीय क्षेत्र, जलस्रोतको अथाह भण्डार, जडीबुटीसमेत अनेकन प्राकृतिक स्रोतसाधनले भरिपूर्ण मानिन्छ यहाँको माटो। यति हुँदाहुँदै पनि यो क्षेत्रमा पर्यटन होस् या अन्य पूर्वाधारले भने अपेक्षाकृत कमी नै छ यहाँ । जलविद्युत् उत्पादनमा केही लगानी त देखिन्छ तर मुलुकको निजी क्षेत्र खासै ठूला परियोजनामा यहाँ अघि सरेको देखिएको छैन।

सायद यसैकारण पनि हुनसक्छ राजधानी काठमाडौँबाट निकै टाढा भएकैले आफूहरु हेपिएको गुनासो यहाँका आम मानिसमा व्याप्त छ। सरकार र निजी क्षेत्र दुवैको लगानी सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च हिमाली जिल्लामा अन्य प्रदेशको तुलनामा कमै रहेको मात्र होइन मानव विकास सूचकाङ्कमा पनि यी दुवै प्रदेश धेरै पछि रहेका छन् तर यतिखेर भने सुदूरपश्चिममा पूर्वाधारको लगानीमा उत्सुकता देखिन थालेको महसुस भएको छ । खासगरी पर्यटन पूर्वाधार निर्माण, उद्योग स्थापना तथा मेडिकल कलेज स्थापनाजस्ता केही क्षेत्रमा निजी क्षेत्र आकर्षित हुन थालेका छन् । रोजगारीको विकराल समस्या भोगिरहेको सुदूरपश्चिमबाट बर्सेनि हजारौं मानिस छिमेकी भारतका विभिन्न सहर, बजारमा कामका लागि भौंतारिरहेको अवस्थामा नेपालभित्रै रोजगारी सिर्जना गर्ने प्रयत्न हुनु आफैंमा ठूलो उपलब्धि हो।

यही सिलसिलामा हालै मात्र आइएमई समूहले सुदूरपश्चिममै पहिलो पटक झण्डै पाँच अर्ब लगानीमा जाल्पादेवी केबलकार निर्माण गर्नेगरी शिलान्यास गरेको छ। पछिल्ला वर्षहरुमा सरकारी एवं निजी क्षेत्रको लगानी खुम्चिरहेको र लगानीकर्ताहरुमा संशयका बीच कैलालीको कर्णाली पुल नजिक चिसापानीमा जोखिम मोलेर यति ठूलो लगानीमा केबलकारसहित पर्यटन पूर्वाधार बन्न लागेको छ । नेपालसहित



सीमावर्ती भारतीय पर्यटकलाई समेत आकर्षित गर्नेगरी निर्माण हुन लागेको यस पर्यटन पूर्वाधारमा केबलकारसहित पाँचतारे होटल, बालउद्यान, जिपलाइन, क्यासिनो समेतका संरचना बन्न लागेको आइएमई समूहका अध्यक्ष चन्द्र ढकालले बताउनुभयो।

निजी क्षेत्रबाट सुदूरपश्चिममा यति ठूलो लगानी भएकै यो पहिलो हो, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्षसमेत रहेका ढकालले भन्नुभयो, "हामी जोखिम मोलेरै यो ठाउँमा आएका छौं। यस परियोजनाले अरूलाई पनि सुदूरपश्चिममा लगानी गर्न उत्प्रेरित गर्ने हाम्रो विश्वास छ। देशका सातै प्रदेशमा कम्तीमा एउटा केबलकारसहित होटल तथा अन्य एकीकृत पर्यटकीय संरचना निर्माणको अभियानअन्तर्गत सुदूरपश्चिम आइपुगेका छौं।"

सुन्दर कर्णाली पुल तर्नासाथ सुदूरपश्चिम प्रदेश सुरु हुन्छ। यो पुलको पश्चिमतर्फ कैलाली जिल्लामा निर्माण हुने यो बृहत् पर्यटन पूर्वाधारको परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले हालै शिलान्यास गर्नुभएको हो। यो पूर्वाधार सुदूरमै लगानीको नयाँ ढोका खुल्न लागेको शिलान्यास समारोहमा मन्त्री डा राणासहितका सहभागी मन्त्रीहरु र पर्यटन व्यवसायीहरुले बताउनुभएको थियो।

अध्यक्ष ढकालका अनुसार झण्डै ३.२ किलोमिटर लामो यस केबलकारले चिसापानी र मोहन्याल गाउँपालिकाको राजकाँडालाई जोड्नेछ । यो नेपालमा हाल सञ्चालित केबलकारमध्ये सबैभन्दा लामो हो। यसमा ४० वटा गोन्डोला रहने पनि ढकालले जानकारी दिनुभयो। विश्वकै उत्कृष्ट इटालियन कम्पनीका उपकरण जडान गरेर निर्माण हुने यस केबलकारले कैलालीको सबैभन्दा दुर्गम मानिएको मोहन्याल गाउँपालिकाको राजकाँडालाई जोड्नेछ । तुलनात्मक रुपमा हरेक मौसममा चिसो हावा बहने राजकाँडाबाट कर्णाली नदी, उत्तरतर्फ अपी र सैपाल हिमाल, सुर्खेत, डडेल्धुरा समेतका धेरै जिल्लाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ।

जाल्पादेवी केबलकार निर्माणको शिलान्यास समारोहमा सम्बोधन गर्दै परराष्ट्रमन्त्री डा राणाले कर्णाली नदी पश्चिममा लगानी गर्न निजी क्षेत्र आउनु प्रदेशकै लागि गौरवको कुरा भएको बताउनुभयो । "हामी त वर्षौंदेखि यो दिनको पर्खाइमा थियौं, आज त्यो दिन आएको छ । अब अरू व्यवसायीलाई पनि सुदूरपश्चिम आउने ढोका खुलेको छ। सुदूरपश्चिममा त जनता पनि गरिब छन् । यहाँ साधनस्रोत पनि छैन, लगानी उठ्दैन भन्ने धेरैको सोचलाई अब यो परियोजनाले बदलिदिएको छ। कसै न कसैले जोखिम लिनै पर्थ्यो, आइएमई ग्रुपले यो आँट लिएर अरूलाई पनि अब यहाँ आउन ढोका खोलिदिएको छ," मन्त्री डा राणाले भन्नुभयो।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले पनि सुदूरपश्चिममा निजी क्षेत्रले यति ठूलो परियोजना विकास गर्न थालेकामा खुसी हुँदै भन्नुभयो, "पूर्वाधार निर्माणमा वन क्षेत्र बाधक भए त्यसलाई सुल्झाउन र सहजीकरण गर्न वन मन्त्रालय तयार रहेको छ। हामी निजी क्षेत्रसँग हातेमालो गर्न तयार छौं।"

अझ, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम प्रदेशमा लगानी गर्न चाहने निजी क्षेत्रका लागि जमिन, विद्युत् र सडक निर्माणमा सहजीकरण गरी उपयुक्त वातावरण तयार गर्न हरक्षण तत्पर रहेको बताउनुभयो। आफूहरुले प्रदेशमा लगानी सम्मेलन आयोजना गरेको, निजी क्षेत्रका उद्योगी-व्यवसायीलाई प्रदेशमा लगानीका लागि निरन्तर संवाद र आग्रह गरिरहेको बताउँदै उहाँले चिसापानीमा केबलकार बनाउने योजना सुनेदेखि नै आफूले सहजीकरण गरिरहेको सुनाउनुभयो।

कैलालीका उद्योगी एवं जाल्पादेवी केबलकार परियोजनाका साझेदार सूर्यबहादुर थापाले केबलकार निर्माणका क्रममा आफूहरुले अनेकन चुनौतीको सामना गरे पनि अन्ततः सफलतातर्फ उन्मुख भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार र निजी क्षेत्र मिलेर सिङ्गो सुदूरपश्चिमका आकर्षक धार्मिक तथा पर्यटकीय गन्तव्यहरुलाई विकास गर्नुपर्छ । यी पूर्वाधार निर्माणले यहाँ रोजगारी सिर्जना हुनाका साथै राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुग्नेछ।"

सुदूरपश्चिम प्रदेशलाई देवभूमिका रुपमा पनि चिनिन्छ। यो प्रदेशसँगै महाकालीपारिको भारतको उत्तराखण्ड क्षेत्र समेतमा थुप्रै मठमन्दिर रहेकाले यो समग्र क्षेत्रलाई देवभूमि भन्ने गरिएको हो। बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको सङ्गम क्षेत्र खप्तड पर्यटकीय रुपमा महत्वपूर्ण छ। यहाँ त्रिवेणीधामका साथै २२ पाटन छन् । समुद्री सतहबाट तीन हजार दुई सय २७ मिटरको उचाइमा रहेको यो क्षेत्र दुई सय २५ वर्ग किमीमा फैलिएको छ।

कैलालीको कर्णाली नदीमाथि बनेको एक खम्बे (स्टेट केबुल ब्रिज) पुल, तत्कालीन राजा महेन्द्रले विसं २०२८ मा एक महिना बसेर राजकाज गरेको इतिहास रहेको कैलालीको टीकापुरस्थित टीकापुर उद्यान, कैलालीकै घोडाघोडीस्थित विश्व रामसार क्षेत्रको सूचीमा सूचीकृत घोडाघोडी ताल क्षेत्र यहीं छ।

यसैगरी, बाह्रसिङ्गाको झुण्ड देख्न सकिने कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, सोही जिल्लाको महाकाली नदी माथि बनेको नेपालकै लामो मध्येको झोलुङ्गे पुल, डडेल्धुराको ऐतिहासिक अमरगढी किल्ला, अजयमेरुकोटको दरबार, अछामको रमारोशन क्षेत्र (१२ ताल अठार ठूला मैदान भएको क्षेत्र), वैद्यनाथधाम, चुरे पहाडको फेदमा रहेको कैलालीको गोदावरीधाम क्षेत्र, सीमापारि भारतीय नागरिकका कुलदेवता मानिने कैलालीको बेहँडाबाबा धाम, डडेलधुराको उग्रतारा मन्दिर, घटाल बाबाको मन्दिर र महाकाली नदी किनारको पर्शुराम धाम, डोटीको शैलेश्वरी मन्दिर र बड्डीकेदारधाम, बैतडीको त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी र भूमेश्वर महादेवको गुफा, बाजुराको बडिमालिका आदि मुख्य छन्।

कैलाली उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्पराज कुँवर कर्णाली चिसापानीमा केबलकार स्थापनाको योजनाले प्रदेशको आर्थिक गतिविधिमा ठूलो टेवा पुग्ने बताउनुहुन्छ। होटेल, रेष्टुरेन्ट, यातायातलगायत क्षेत्रको गतिविधि पनि बढ्न गई समग्रमा आर्थिक समृद्धिमा टेवा पुग्नेछ।

चिसापानी क्षेत्र सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको केन्द्र भाग रहेकाले यहाँ बन्न लागेको केबलकार मुख्यगरी भारतीय पर्यटकलाई लक्षित गरेर स्थापना गर्न लागिएको भन्दै उहाँले भन्नुभयो, "सुदूरपश्चिम र लुम्बिनी प्रदेश नजिकका भारतीय क्षेत्रमा केबलकार सञ्चालनमा नरहेकाले चिसापानीमा केबलकारको योजना ल्याउनु निकै सान्दर्भिक छ ।" उहाँले भन्नुभयो, "हाम्रो यहाँ त्यति धेरै जनसङ्ख्या छैन, भारतको उत्तरप्रदेशमा झण्डै २४ करोड बढी जनसङ्ख्या छ, आन्तरिक पर्यटकसँगसँगै भारतीय पर्यटकलाई भित्र्याउन सकेमा केबलकारको योजनाले आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ।"

मोहन्याल गाउँपालिकाका प्रमुख देवीदत्त उपाध्यायले विकास पूर्वाधारका दृष्टिले सबैभन्दा पिछडिएको चुरे पहाडमा अवस्थित मोहन्यालको आर्थिक विकासमा यस परियोजना निर्माणले ठूलै टेवा दिने विश्वास व्यक्त गर्नुभयो । मोहन्याल क्षेत्रमा उत्पादन हुने वस्तुको खपत हुने, स्थानीय जनताले उत्पादित वस्तुको राम्रो मूल्य पाउने, 'होम स्टे' अझ फस्टाउने तथा गाउँपालिका क्षेत्रमा रहेका अन्य पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनमा मद्दत पुग्ने बताउनुभयो।

कैलालीको चिसापानी समेत ठूलो बजार र औद्योगिक क्षेत्र ओगटेको लम्कीचुहा नगरपालिकाका प्रमुख सुशिला शाहीले सुदूरपश्चिम प्रदेशको प्रवेशद्वारका रुपमा रहेको चिसापानीमा केबलकार निर्माणले पर्यटकीय गतिविधि बढ्ने र व्यावसायिक पूर्वाधार निर्माणमा निजी क्षेत्र थप उत्साहित हुने बताउनुभयो। रासस

## अमेरिकी डलर स्थिर, यस्तो छ अन्य विदेशी मुद्राको विनिमय दर

काठमाण्डु। नेपाल राष्ट्र बैङ्कले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

निर्धारित विनिमयदर अनुसार, अमेरिकी डलरको भाउ सोमबार पुनःस्थिर रहेको छ। यस्तै, युरोपियन युरो, जापानी येनको मूल्य बढेको छ। त्यस्तै, युके पाउन्ड स्टर्लिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलर, साउथ कोरियन वन, स्वीडिस क्रोनर, डेनिस क्रोनर, कुवेती दिनार, बहराइन दिनार र हङकङ डलरको मूल्य भने ओरालो लागेको छ।

अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ८५ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ६२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ २३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर एक सय ६७ रुपैयाँ ५६ पैसा र बिक्रीदर एक सय ६८ रुपैयाँ २९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिदर एक सय ४९ रुपैयाँ ७६ पैसा र बिक्रीदर एक सय ५० रुपैयाँ ४२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिदर ८४ रुपैयाँ ३८ पैसा र बिक्रीदर ८४ रुपैयाँ ७५ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ १६ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५८ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रुपैयाँ ०७ पैसा र बिक्रीदर एक सय रुपैयाँ ५१ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिदर आठ रुपैयाँ ७० पैसा र बिक्रीदर आठ रुपैयाँ ७४ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ७२ पैसा र बिक्रीदर १८ रुपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८१ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिदर तीन रुपैयाँ ९६ पैसा र बिक्रीदर तीन रुपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिदर ३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५३ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ५२ पैसा र बिक्रीदर ३० रुपैयाँ ६६ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३० पैसा र बिक्रीदर नौ रुपैयाँ ३५ पैसा, स्वीडिस क्रोनर एकको खरिदर १२ रुपैयाँ २३ पैसा र बिक्रीदर १२ रुपैयाँ २८ पैसा र डेनिस क्रोनर एकको खरिदर १८ रुपैयाँ ८५ पैसा र बिक्री दर १८ रुपैयाँ ९३ तोकिएको छ।रासस

# 'अधिकारका लागि आन्दोलनको कुनै विकल्प छैन'

**टुडे समाचारदाता**

बारा । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले नागरिकको हक अधिकार स्थापित गराउन मुलुकमा आन्दोलनको कुनै विकल्प नरहेको बताएका छन् ।

कलैयामा सोमबार एक दिवसीय कार्यकर्ता प्रशिक्षण कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले भने, 'किसानको आन्दोलन, सहकारीको आन्दोलन, व्यापारीको आन्दोलन, कर्मचारीको आन्दोलन, आन्दोलन माथिको आन्दोलन हुँदै आग्रह गरे ।

नेकपा एस अब नेपालको राजनीतिमा स्थापित दल भइ सकेको छ, यो पार्टीको शान, इज्जत, मान, मर्यादा र सम्मानका साथ सबैतिर उभिएको छ, पार्टीको छुट्टै पहिचान र स्थान स्थापित भइसकेको उनले भने ।

अध्यक्ष नेपालले विभिन्न राष्ट्रका सरकार प्रमुखसँग मुलुकको हित र प्रतिष्ठा बढाउन संवाद र छलफल आफूले गरेको बताउँदै जनताको विश्वास र समर्थनले मात्र पार्टी बलियो हुने भएकाले




आएको छ ।'

२००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टीमा केही व्यक्तिले निजी स्वार्थ पूर्ति गर्न खोज्दा आपसी मेल नहुँदा केही वर्षदेखि विभाजन भएको यस्तो कार्य दुर्भाग्यपूर्ण भएको स्मरण गरे । गणतन्त्रमा जनता सर्वोपरी रहेकाले जनताको घरघरमा पुगेर सहयोग गर्न आफ्ना कार्यकर्ता तथा नेतालाई अध्यक्ष नेपालले त्यसका लागि जनताको माँझमा गएर उनीहरुको पीडा र वेदनामा आत्म साथ गरी अगाडि बढ्न उनले निर्देशन दिए ।

सो कार्यक्रममा दिनेश राई, बतहु यादव, छविलाल सुवेदी, राजेन्द्रप्रसाद जैसवाललगायत जनता समाजवादी पार्टी नेपाल बाराका सहभागी नेताले कार्यक्रम सफल बनाउन शुभकामना व्यक्त गरे थिए ।

# आज तिला संक्रान्ति पर्व



**टुडे समाचारदाता**

जनकपुरधाम । मंगलबार तिला संक्रान्ति मनाइँदै छ ।

तिला संक्रान्तिको दिन एकाविहानै स्नान गरी घरका ज्येठ नागरिकसंग आशीर्वाद थाप्दै मुरही, तिल र चुरासहितको मिठा मिसाएर बनाइएका विभिन्न परिकारहरु खाने परम्परा रहेको छ । यस दिन खिचडी, घ्यू, पापर, दही, अचारसहितका विभिन्न खानेकुराका परिकारहरु खाएर तिला संक्रान्ति मनाइन्छ ।

तिला संक्रान्तिका दिनदेखि तिलको दाना आकारमै रात छोटो र दिन लामो हुँदै जाने धार्मिक मान्यता रहेको छ ।

माघ महिनाको आरम्भसंगै मनाइने यस पर्वलाई माघे संक्रान्ति, मकर संक्रान्ति, तिला संक्रान्ति भनेर पनि सम्बोधन गरिन्छ ।

तराई-मधेशका मिथिलावासी, थारू समुदाय, बातर समुदायसहित अन्य समुदायमा संक्रान्तिलाई पर्व एवम् उत्सवको रुपमा मनाइने गरिएको मनोज माझीले जानकारी दिए ।

सो पर्वमा परिवारका ठूलाबडा र आमा-बाबुले सन्तान र आफू भन्दा सानालाई मिठा र तिल मिसाएर कम्तीमा तीन पटक खुवाउने गरिन्छ । सन्तानहरुबाट आमाबुवाले बुढेसकालसहित आजीवन सहारा भई सेवा गर्नुपर्ने बचनवद्धता व्यक्त गराउने गरी तिलको मिठा खुवाउने चलन रहेको स्थानीय ज्येष्ठ नागरिक शान्ति देवी यादवले जानकारी दिए ।

सो पर्वमा खिचडी, तिल, चुरा, मुरहीका लड्डुलगायतका परिकारहरु तयार पारी पूजापाठ गरी घरका देवीदेवतालाई चढाएर खाने र खुवाउने परम्परा रहेको छ । धार्मिक मान्यता अनुसार भगवान र भगवती दुबैलाई सम्मान र श्रद्धाका साथ पूजाआजा गरी भगवतीलाई सिन्दूर, चुरा र तिलको लडडु चढाइन्छ भने भगवानलाई मिठाई, फलफूल र तिलको लड्डु अनिवार्य रूपमा चढाई खिचडीको भोग लगाउने चलन रहेको गृहिणी रामकुमारी देवीले बताए ।

तिला संक्रान्तिका दिन ठूलाबडाको आशीर्वाद ग्रहण गरी तिललाई खाएपछि सुयोग्य वर प्राप्तिको कामना गरी फल प्राप्ति हुन्छ । तिला संक्रान्तिमा आत्मीय प्रेम, सामाजिक सद् भाव, शारीरिक ऊर्जा, पोषण प्राप्तिसँगै पापबाट मुक्ति पाउने धार्मिक विश्वास छ ।

# एक महिने मकर संक्रान्ति मेला शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको प्रसिद्ध धार्मिक स्थल धनुषाधाममा मंगलबारदेखि एक महिने मकर संक्रान्ति मेला शुरु भएको छ ।

माघ महिनाको प्रत्येक साताको आइतबार र मंगलबार लाग्ने तिला मेलाको शुभारम्भ गरेको खण्डमा चिताएको सबै कुरा पुरा हुने भएकाले ठूलो संख्यामा भक्तजनहरू आउने गरेका छन् । त्रेता युगमा राजर्षि जनकको प्रतिज्ञा अनुसार भगवान् श्रीरामले भगवान् शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएका थिए ।



मंगलबार नै परेको छ । धनुषाधाममा लाग्ने मकर मेलाको व्यवस्थापन धनुषाधाम नगरपालिका तथा मन्दिर व्यवस्थापन समितिले गर्दै आएको छ ।

धनुषाधामको मक्कर मेला भर्नका लागि नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारतको विभिन्न प्रदेशबाट पनि ठूलो संख्यामा श्रद्धालु भक्तजनहरू आउने गरेको छ ।

धनुषाधाममा रहेको धनुषा मन्दिरमा पूजा अर्चना

तीन टुक्रा मध्ये एक पाताल अर्को आकाश तथा तेस्रो धनुषाको धनुषाधाममा खसेका थिए । धनुषाधाममा धनुषको आकार जस्तो देखिने अलौकिक धातु अहिले पनि रहेको र सो धातु नै भगवान् शिवको पिनाक धनुष रहेको धार्मिक मान्यता रहेको कारणले तिला संक्रान्तिको मेलामा धनुषको दर्शनका लागि लाखौं भक्तजनहरू धनुषाधाम पुग्ने गरेको छ ।

# पुसी पुर्णिमामा स्नान गर्ने भक्तजनको घुँइचो

**टुडे समाचारदाता**

राजविराज । पुसी पुर्णिमाको अवसरमा सप्तरीका आधा दर्जनभन्दा बढी पालिकाले सोमबार सार्वजनिक विदा दिएको छ ।

सो अवसरमा सप्तरीस्थित हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, राजविराज नगरपालिका,महादेवागाउँपालिका, सप्तकोशी नगरपालिका, तिर हुत गाउँपालिका, छिन्नमस्ता गाउँपालिका लगायत आधा दर्जन भन्दा बढी पालिकाले सोमबार सार्वजनिक विदा समेत दिएको छ।



पुर्णिमाको अवसरमा सप्तकोशीलगायत विभिन्न नदी जलाशयहरुमा सोमबार हजारौं श्रद्धालुहरुले स्नान गरेका छन् । सुनसरी र सप्तरीको सिमामा पर्ने सप्तकोशी नदीमा श्रद्धालु भक्तजनको सर्वाधिक भीड देखियो । यहाँ एक दिने पूर्णिमा मेला समेत लागेको छ ।

पूर्णिमाका दिन नदीमा स्नान गर्नाले पाप कट्ने र पुण्य प्राप्ति हुने धार्मिक मान्यता रहेकाले अत्यधिक चिसोका बावजुद सप्तकोशी नदीमा (डुबुल्की) स्नान गर्न ५० हजारभन्दा बढी श्रद्धालु भक्तजन पुगेको हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख वीरेन्द्र माझीले जानकारी दिए ।

सप्तकोशी नदीमा पूर्णिमा स्नानका लागि सुनसरी र सप्तरीका मात्र नभइ छिमेकी राष्ट्र भारतको भिमनगर, विरपुर, सिम्राही, कर्जाइन, फारबिसगञ्ज, सहरसासम्मका वृद्धवृद्धा, बालबालिका तथा महिला पुरुषको भीड लागेको स्थानीय गंगा साहले बताए । एक दिने मेलालाई कृषि मेला समेत भन्ने गरिन्छ । मेलामा कृषि औजारहरुका साथै घरेलु प्रयोजनमा प्रयोग हुने हस्तनिर्मित सामग्रीहरुको खरिद बिक्रीका लागि समेत महत्वपूर्ण मानिन्छ ।

त्यस्तै सप्तकोशी नगरपालिकाको ओद्रहास्थित मेग्जिन चुरिया, कञ्चनरुप नगरपालिकाको मलकोर र झनकट्टा नदी किनारमा समेत ठूलो संख्यामा भक्तजनले पूजापाठ र स्नान गरेको स्थानीय बताउँछन् ।

# फाउण्डेसनद्वारा कम्बल वितरण

**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीकोमटिहानी नगरपालिकामा चिसोयामलाई मध्यनजर गर्दै सुशीला ठाकुर मेमोरियल हेल्थ फाउण्डेसनले शीतलहरबाट प्रभावित भएका अति विपन्न, जेष्ठ नागरिक, एकल महिलालाई कम्बल वितरण गरेको छ ।




मटिहानीमा सोमबार सो फाउण्डेसनको आयोजनामा कम्बल वितरण कार्यक्रममा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले शुभारम्भ गरे । मटिहानीमा शीतलहरबाट प्रभावित करिब २०० अति विपन्न, जेष्ठ नागरिक, एकल महिलाहरुलाई समेत सो कम्बल वितरण गरेको फाउण्डेसनका अध्यक्ष मिनाक्षी ठाकुरले जानकारी दिइन् ।

सो कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी, प्रदेश सांसद रूपा यादव, लोसपा नेपालका वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, केन्द्रीय सदस्य राम कुमार मण्डल, नगर अध्यक्ष श्याम कुमार मण्डल, वडा नम्बर ६ र ८ का वडा अध्यक्ष क्रमशः कलीम अन्सारी र रितेश साह, महोत्तरी उद्योग महासंघका उपाध्यक्ष अजय साहलगायतकाहरुको सहभागिता रहेको थियो ।

# कुटपिट र लुटपाटका दुई महिलासहित पाँच पक्राउ

**टुडे समाचारदाता**

राजविराज । कुटपिट र लुटपाटमा संलग्न रहेकी दुई महिलासहित पाँच जना फरार प्रतिवादीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले छ ।




पक्राउ पर्नेमा लुटपाट घटनामा संलग्न रहेकी ललितादेवी साह र कुटपिट घटनाका शान्ति देवी यादव छन् । दुबै जना एकै वडाका बासिन्दा हुन् ।

सप्तरी प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेताका अनुसार सप्तरीको विष्णुपुर गाउँपालिका ३ निवासी शान्तिदेवी यादवलाई सप्तरी जिल्ला अदालतले कुटपिट मुद्दामा ५ सय तथा सोही वडाका ललितादेवी साहलाई लुटपिट मुद्दामा ३ हजार ४ सय ३८ रुपैयाँ जरिवाना गरेको थियो ।

त्यस्तै विद्युत चोरी कसुर मुद्दाका फरार अभियुक्त सोही पालिकाको वडा नं. ९ बस्ने देवनारायण यादव, शिक्षा सम्बन्धी कसुर मुद्दाका राजगढ गाउँपालिका ५ फेकरा निवासी दिनेश कुमार साह र कुटपिट मुद्दाका तिरहुत गाउँपालिका त्रिकोलका अनुपलाल सुतिहार पनि पक्राउ गरेका छन् । जिल्ला अदालतबाट सो मुद्दाहरुमा फैसला भइ कैद तथा जरिवाना तोकिएपछि उनीहरु फरार रहेको सप्तरी प्रहरीको भनाइ छ । पक्राउ परेका पाँचै जनालाई सोमबार नै अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मल्टीपर्पस फाइनान्स लिमिटेडको साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मल्टीपर्पस फाइनान्स लिमिटेडको २७ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ ।

राजविराजमा वित्तीय संस्थाका अध्यक्ष चन्दन अग्रवालको अध्यक्षतामा वित्तीय संस्थाको वार्षिक साधारण सभा सम्पन्न भएको छ । सो साधारण सभामा अध्यक्ष चन्दन अग्रवालद्वारा प्रस्तुत वित्तीय संस्थाको २७ औं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको बार्षिक वित्तीय विवरण आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु र लेखापरीक्षकको नियक्ती र निजको पारिश्रमिक सम्बन्धी प्रस्तावहरु सर्वसम्मतिबाट पारित गरेको छ ।

यसका साथै वित्तीय संस्थाले निकट भविष्यमा आफनै भवनबाट कारोबार संचालन गर्नको लागि विद्यापति चोकमा करिब डेढ कठ्ठा जग्गा खरीद गरी घर निर्माणको प्रक्रिया अगाडि बढाएको, सुचना प्रविधिलाई समय सापेक्ष बनाउने र बैंकिंग कारोबार लाई सहज गर्न अत्याधुनिक सफ्टवेयर जडान गरी कारोवार संचालन गरिरहेको र वित्तीय संस्थाको कारोबार विस्तारको लागि थप २ वटा शाखा सर्लाही जिल्लाको कौंडेना गाउँपालिका र गौंडैता नगरपालिकामा गत महिनाबाट संचालनमा ल्याइसकेको उनले जानकारी गराए ।

सो साधारण सभामा वित्तीय संस्थाको संचालक सदस्यहरु गेहनाथ ढंगाना, जयप्रकाश ठाकर, अशोक साह, गृष्मा श्रेष्ठ र महेश कुमार सिंह तथा प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव रजनीश कुमार सिंहलगायत शेयरधनीहरुको सहभागिता रहेको थियो ।

# रास्वपा धनुषाको सभापतिमा यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी धनुषाको प्रथम जिल्ला भेलाबाट लक्ष्मेश्वर यादवको सभापतित्वमा ११ सदस्यीय जिल्ला कार्य समिति गठन गरिएको छ ।

जनकपुरधाममा सोमबार भएको जिल्ला भेलाबाट गठन गरिएको कार्य समितिको उपसभापतिमा संजयकुमार यादव, सचिवमा रमेश कुमार पहाडी, उपसचिवमा शंकर सिंह र कोषाध्यक्षमा सीताकुमारी घिमिरेलाई चयन गरिएको छ ।

त्यस्तै सदस्यहरुमा डा. धिरज महासेठ, मिठु घिसिंग, फिरोज अहमद राइन, भानुभक्त गौतम, जिया साह र सुशिल कुमार दास रहेको जिल्ला सभापति यादवले जानकारी दिए ।

# जिल्ला सहकारी संघ धनुषाको साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला सहकारी संघ लिमिटेड धनुषाको ५५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

जनकपुरधाममा सोमबार जिल्ला सहकारी संघ लिमिटेड कार्यालयको प्रांगणमा सम्पन्न साधारण सभा संघका अध्यक्ष ध्रुवनारायण यादवको अध्यक्षता र मधेश प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । सो सभामा कृषिमन्त्री जनार्दन सिंहले मधेश प्रदेश अन्तर्गतका सहकारीलाई आफ्नो भवन बनाउन आगामी बजेटदेखि अनुदान दिने व्यवस्थापन गरिने बताए ।

जसपा नेपाल मधेश प्रदेशका संसदीय दलका प्रमुख सचेतक रामआशिष यादवले जिल्ला संघको क्षमता विकासका लागि विभिन्न किसिमका तालिम, गोष्ठी सहयोगमा रहने बताए ।



जिल्लामा रहेका सवै प्रकृतिका सहकारी संघसंस्थाहरुको प्रवर्द्धन स्थापित संघको साधारण सभाबाट अझ सशक्त बनाउन सहभागीहरुले बताए ।

सहकारी शिक्षा, तालिम, सूचना र क्षमता विकास, शेयर सदस्य संस्थाहरुलाई नियमित अनुगमनका कार्यक्रमलाई प्रत्येक सहकारी संस्थाहरुमा पुर्याउन अनिवार्य रहेकाले जिल्ला संघले सरोकारवाला निकायहरुसंग सहकार्यमा कार्यक्रम संचालन गर्ने प्रतिवद्धता गरेको छ ।

सो कार्यक्रममा स्वागत मन्तव्य संघका उपाध्यक्ष विनोद प्रसाद रोहिता र कार्यक्रम संचालक राजेन्द्र साहले गरेका थिए ।

सो कार्यक्रममा सहकारीकर्मी राष्ट्रिय सहकारी महासंघका संचालक नथुनी यादव, रेखा मण्डल, रामहृदय यादव, राम कुमार मण्डल, प्रमोद छिट्वान, बिनिता यादव, जिल्ला सहकारी संघका व्यवस्थापक राम बिलास यादव लगायत संचारकर्मी तथा सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना बस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो बढने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८